त्रैमासिक, पूर्णाङ्क १३

२०७५ वैशाख/असार

# प्राज्ञिक संसार

Academia

Music-Drama Bulletin

सङ्गीत-नाट्य बुलेटिन

www.namuda.org.np

## नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारद्वारा ६ स्रष्टा सम्मानित



**ज्योतिरीश्वर रङ्ग उत्सवमा नेपाल-भारतका ६ नाटक मञ्चन**

**भव्य भयो सेलो नाटक महोत्सव**

**कीर्तिपुरमा डबली यात्रा**

## सम्पादकीय

# नाट्य सङ्गीत, नृत्यको विकासका लागि महोत्सव

नाटक, नाच तथा संगीत आफैँमा प्रदर्शनकारी कला हुन् । यस्ता कलाको जति धेरै प्रदर्शन भयो, उति धेरै प्रचार प्रसार हुन्छ । धेरै प्रदर्शन तथा प्रस्तुतिले आमदर्शकको मानसपटलमा यस्ता प्रदर्शनकारी कला बस्ने गर्दछ । त्यसैले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले हरेक वर्ष यस्ता प्रदर्शनकारी कलाको विकास र विस्तारका लागि उत्सव तथा महोत्सवहरू आयोजना गर्दै आएको छ ।

प्रदर्शनकारी कलाकै लागि विगतका वर्षमा झै आर्थिक वर्ष २०७४/७५ मा पनि त्यत्तिकै मात्रामा उत्सव एवं महोत्सव आयोजना गरिएको छ । नाटकको विकास र विस्तारसँगै नाट्यकर्मीहरूलाई एउटै मञ्चमा ल्याएर उनीहरूको कला प्रस्तुतिका लागि गत ८–१४ चैतसम्म पोखरामा राष्ट्रिय नाटक महोत्सव आयोजना गरियो । महोत्सवमा देशका विभिन्न क्षेत्रका नाट्यकर्मीहरूले आफ्ना नाटक मञ्चन गर्नुभयो । महोत्सवमा १० वटा नाटक मञ्चन भएका थिए । यस्तै, यो असारमा काठमाडौँमा दुईवटा नाटक महोत्सव आयोजना गरियो । दुवै उत्सव काठमाडौँको बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा आयोजना गरिएको थियो । २-४ असारसम्म तीन दिन आयोजना गरिएको सेलो नाटक उत्सवमा तामाङ समुदायका पाँचवटा नाटक मञ्चन गरियो । जुन तामाङ भाषाको मात्र नाटकको पहिलो उत्सव थियो । यस्तै, ८-१० असारसम्म ज्योतिरीश्वर रङ्ग उत्सव आयोजना गरियो । यो उत्सवमा नेपालका तीन र भारतका तीन गरी कुल ६ वटा नाटक हेर्ने अवसर दर्शकले पाए । यी तीनवटै नाटक महोत्सव यो वर्षका लागि नाटक क्षेत्रमा महत्वपूर्ण उत्सव सवित भए ।

यस्तै, २०७४ सालमा झापाको विर्तामोड, धनकुटा र यो वर्ष धरानमा आयोजित नृत्य उत्सवले पनि सम्बन्धित क्षेत्रमा नृत्यको विकास विस्तारसँगै कला प्रस्तुतिका लागि स्रष्टालाई प्रोत्साहित गरेको छ । सिन्धुपाल्चोक, बुटवल, कीर्तिपुर, पालुङ, हेटौँडा, इटहरीलगायतका स्थानमा आयोजित सङ्गीत उत्सव एवं डबली कार्यक्रमले पनि सङ्गीतको विकास र विस्तारमा प्रोत्साहित गरेको सम्बन्धित क्षेत्रका कलाकारहरूको भनाइ छ । त्यसैले विगतका वर्षजस्तै आव २०७४/७५ मा पनि यस प्रतिष्ठानद्वारा आयोजित नाटक, नृत्य, गीतसङ्गीतका विविध उत्सव एवं महोत्सवले यो क्षेत्रको विकासमा मद्दत पुग्ने विश्वास गरिएको छ ।

## विषय-सूची


| | |
|---|---|
| मकवानपुरमा गायन तथा वाद्यवादन प्रशिक्षणसँगै कला प्रस्तुत | ४ |
| **धादिङ गल्छीमा विभिन्न नृत्य प्रस्तुत** | ६ |
| पूर्वसंस्कृतिमन्त्री पोखरेलद्वारा तामाङ सेलो नाट्य महोत्सव उद्घाटन | ७ |
| गीत गाउँदै मनाइयो **विश्व सङ्गीत दिवस** | १३ |
| संस्कृतिमन्त्री रवीन्द्र अधिकारीद्वारा ज्योतिरीश्वर रङ्ग उत्सव उद्घाटन | १५ |
| कीर्तिपुरको लायकु डबलीमा **गीतसङ्गीतको रौनक** | २४ |
| बड्की नाच प्रदर्शनसँगै वाद्यवादन सामग्री हस्तान्तरण | २३ |
| संस्कृतिमन्त्री अधिकारीबाट सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको अवलोकन | २५ |
| **उपराष्ट्रपतिबाट स्रष्टाहरूलाई परिचयपत्र प्रदान** | २८ |

## मोफसलमा शास्त्रीय सङ्गीत-२०७५

# गुञ्जिए विविध शास्त्रीय गीत

इटहरी । सुनसरीको इटहरीस्थित किरात राई यायोख्खा हलमा गत ५ जेठमा 'मोफसलमा शास्त्रीय सङ्गीत-२०७५' आयोजना गरियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको शास्त्रीय तथा परम्परागत सङ्गीत विभागद्वारा आयोजित सो कार्यक्रम प्रतिष्ठानका प्राज्ञ सदस्य उदयचन्द्र श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो ।

वरिष्ठ लोकगायक एलपी (लक्ष्मीप्रसाद) जोशीको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा विभिन्न कलाकारद्वारा शास्त्रीय सङ्गीत प्रस्तुत गरियो । कलाकार आकाश ओझा, सृजन पराजुली, दृश्य पौडेल, आयुश शर्माले कार्यक्रमको सुरूमा सामूहिक तबला वादन प्रस्तुत गर्नुभयो । उहाँहरूबीचको तबला वादन निकै प्रतिस्पर्धीमूलक भएको थियो ।

यसपछि कलाकार गोविन्द शर्मा र चीना राईले युगल शास्त्रीय गायन प्रस्तुत गर्नुभयो । यस्तै, विनिशा केसी र स्वच्छता योगीले पनि संयुक्त रूपमा शास्त्रीय गायन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा युवराज साउद, सञ्जय पौडेलको शास्त्रीय गायन प्रस्तुत पनि निकै आकर्षक थियो । यस्तै, वरिष्ठ शास्त्रीय गायक मिथिलेशकुमार मण्डलले पनि एकल शास्त्रीय गायन प्रस्तुत गर्नुभएको थियो ।





कार्यक्रममा वरिष्ठ गायक भोलाप्रसाद सिंहले शास्त्रीय गायन प्रस्तुत गर्नुभयो । सो शास्त्रीय सङ्गीत प्रस्तुति कार्यक्रममा हेमकुमारी नेपालले तानपुरामा साथ दिनुभएको थियो ।

सङ्गीत साधना प्रतिष्ठान इटहरीको सहकार्यमा कार्यक्रम सम्पन्न भएको थियो । सङ्गीत साधना प्रतिष्ठानका अध्यक्ष एवं यस प्रतिष्ठानका प्राज्ञ सभा सदस्य राम धामीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि एलपी (लक्ष्मीप्रसाद) जोशीले प्रदेश १ को इटहरीमा शास्त्रीय सङ्गीत कार्यक्रम आयोजना गरेर शास्त्रीय सङ्गीतबारे नयाँ पुस्तामा आकर्षण बढाउने काम गरेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं कार्यक्रम संयोजक उदयचन्द्र श्रेष्ठले शास्त्रीय सङ्गीतको महत्वबारे प्रकाश पार्दै शास्त्रीय सङ्गीतको उद्गमस्थल नेपाल रहेको जिकिर गर्नुभयो । उहाँले नेपालबाट शास्त्रीय सङ्गीतको सृजना गरिएको केही उदाहरण कार्यक्रममा प्रस्तुत गर्नुभएको थियो । कार्यक्रम निकै सफल भएको र प्रतिष्ठानको उद्देश्य पनि शास्त्रीय एवं मौलिक नेपाली लोकसङ्गीतको विस्तार, विकास एवं प्रवर्द्धन गर्नु रहेको पनि उहाँले बताउनुभयो ।






# मकवानपुरमा गायन तथा वाद्यवादन प्रशिक्षणसँगै कला प्रस्तुत

हेटौंडा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा मकवानपुरमा १६ दिने वाद्यवादन तथा गायन प्रशिक्षण आयोजना गरिएको छ ।

प्रतिष्ठानको शास्त्रीय तथा परम्परागत सङ्गीत विभागको आयोजनामा सो विभागका प्रमुख एवं प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदयचन्द्र श्रेष्ठको संयोजकत्वमा प्रशिक्षण सम्पन्न भएको हो । जेठ ३ देखि १९ सम्म हेटौंडाका विभिन्न स्थानमा प्रशिक्षार्थीहरूलाई प्रशिक्षण दिइएको थियो ।

यो गायन तथा वाद्यवादन प्रशिक्षणको उद्घाटन ३ जेठमा हेटौंडाको जिल्ला समन्वय समितिको हलमा आयोजना गरिएको थियो । मकवानपुर जिल्ला समन्वय समितिको प्रमुख रघुनाथ खुलालले तिमी देऊ तिम्रा हातहरू म दिन्छु मेरा हातहरू गीत गाउँदै कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । प्रशिक्षणबाट मकवानपुरले अझ सक्षम र क्षमतावान कलाकार पाउने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रमका संयोजक एवं प्राज्ञ परिषद् सदस्य श्रेष्ठले हाम्रो परिचय भनेकै लोकसंस्कृति तथा लोकगीत सङ्गीत भएकाले यसको प्रवर्द्धनका लागि वाद्यवादन तथा शास्त्रीय गायन प्रशिक्षण आयोजना गरिएको बताउनुभयो ।

प्राज्ञ सभा सदस्य आशाकाजी श्रेष्ठले सञ्चालन गरेको कार्यक्रममा प्रशिक्षार्थीहरूलाई हौसला दिने काम भएको थियो । कार्यक्रममा वरिष्ठ गायक कृष्ण सिंह, प्रमेन्द्र महर्जनलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो ।

मकवानपुर संस्कृति संरक्षण मञ्चको सहकार्यमा भएको प्रशिक्षण उद्घाटनमा मञ्चका अध्यक्ष भेषराज खड्गीले प्रशिक्षणबारे प्रकाश पार्नुभएको थियो । नमोदय शिशु सदन हेटौंडामा प्रलय चौलागाईले प्रशिक्षार्थीहरूलाई १६ दिनसम्म मादल वादन प्रशिक्षण दिनुभयो ।

यस्तै, मोहनमान सांगानी र सुनकुमार मानन्धरले नेवाः संस्कृति पुचः हेटौंडामा यस प्रतिष्ठानका तर्फबाट धिमे बाजा वादनसम्बन्धी प्रशिक्षण दिनुभएको हो ।

गायक ईश्वर खड्काले राजदेवी सङ्गीत पाठशाला हेटौंडामा १६ दिनको शास्त्रीय सङ्गीत एवं गायनसम्बन्धी प्रशिक्षण दिनुभएको हो । प्रशिक्षणपछि प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गरियो ।

प्रदेश ३ प्रदेश सभाका सभामुख सानुकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा २३ जेठमा समापन कार्यक्रम आयोजना गरिएको थियो । प्रशिक्षार्थीहरूले आफूले सिकेको मादल वादन, धिमे वादन तथा गायक कला समापन समारोहमा प्रस्तुत गरेका थिए । मादलका प्रशिक्षार्थीले विभिन्न ताल तथा गीतमा मादल वादन प्रस्तुत गरेका थिए । यस्तै धिमेका विद्यार्थीले पनि फरक फरक तालमा धिमेबाजा बजाएका थिए ।

गायनअन्तर्गत प्रशिक्षार्थीहरूले राष्ट्रिय, लोक, आधुनिक, शास्त्रीय जस्ता गीत प्रस्तुत गर्दै कार्यक्रमलाई सङ्गीतमय तुल्याएका थिए ।

सभामुख सानुकुमार श्रेष्ठले आफूहरूको पालामा यसरी गीत सङ्गीत प्रशिक्षणको सुविधा






नभएकाले आफ्नै हिसाबले गाउनुपरेको स्मरण गर्नुभयो । प्रशिक्षार्थीहरूले छोटो समयमा लिएको प्रशिक्षण निकै राम्रो भएको उहाँले बताउनुभयो ।

कार्यक्रमका विशेष अतिथि अग्रज गायक नारायणभक्त श्रेष्ठ (रायन) ले देश र जनताका लागि पनि गीत गाउनुपर्ने सुझाव दिनुभयो । उहाँले आफूलाई गीत सङ्गीतमा पारङ्गत बनाउन नयाँ पुस्ताले यसरी प्रशिक्षण लिइरहनुपर्नेमा जोड दिनुभयो ।

समापन समारोहका अध्यक्ष एवं यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदयचन्द्र श्रेष्ठले १६ दिनमा गायन र परम्परागत वाद्यवादनमा कुशल प्रशिक्षण लिन सफल भएकोमा प्रशिक्षार्थीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । यी प्रशिक्षार्थीहरूलाई अझै धेरै समय सङ्गीत सिकाएर थप दक्ष बनाउन उहाँले स्थानीय संघसंस्थालाई अनुरोध पनि गर्नुभयो । कार्यक्रमको समापन समारोहमा प्रशिक्षार्थीलाई प्रमाणपत्र तथा सहयोगीलाई कदरपत्र प्रदान गरिएको थियो ।



# धान नाचबारे पुस्तक लेखन सुरू



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको नृत्य विभागले ताप्लेजुङ जिल्लामा धान नाच लोकनृत्यबारे पुस्तक लेखन कार्य सुरू गरेको छ ।

पुस्तक लेखनका लागि ताप्लेजुङमा २ वैशाख २०७५ मा नृत्य विभागको आयोजनामा धान नाच र धान नाचमा गाइने गीत पालम, ख्याली अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

कार्यक्रमका प्रमुख अतिथि एवं जिल्ला समन्वय समिति ताप्लेजुङका प्रमुख धनेन्द्र मादेनले धान नाच र पालमको महत्वबारे प्रकाश पार्नुभयो । कार्यक्रममा विभिन्न विज्ञहरूले आफ्ना भनाइ राखेका थिए ।

कार्यक्रमका संयोजक एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानले पुस्तक लेखनको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो । किराँत याक्थुङ कलाकार मञ्चको सहयोगमा धान नाचबारे अनुसन्धान थालिएको हो । सो पुस्तकबारे अनुसन्धान सकिएर हाल लेखन कार्य भइरहेको पुस्तक लेखन संयोजक एवं प्राज्ञ परिषद् सदस्य प्रधानले जानकारी गराउनुभएको छ । यो पुस्तक डा. हेमनाथ पौडेलले लेखिरहनुभएको छ ।






# धादिङ्ग गल्छीमा विभिन्न नृत्य प्रस्तुत



धादिङ । धादिङ्को गल्छी गाउँपालिकामा 'जागरणमूलक गीत र लोकगीतमा नृत्य प्रदर्शन' कार्यक्रम आयोजना गरिएको छ। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको नृत्य विभागको आयोजनामा सो कार्यक्रम सम्पन्न भएको हो ।


२ असार २०७५ मा आयोजित नृत्य प्रदर्शनी कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य भूमि त्रिपाठी हुनुहुन्थ्यो । नृत्यमा सबैको पहुँच हुनुपर्छ भन्ने उद्देश्यले नृत्य प्रदर्शन गरिएको नेपाल सङ्गीत तथा नाटक प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य एवं नृत्य विभाग प्रमुख माधव प्रधानले जानकारी गराउनुभयो । सोही कारण यो नृत्य प्रदर्शनी धादिङ र नुवाकोट जोडिने गल्छीको सडक किनारमा आयोजना गरिएको कार्यक्रमका अध्यक्ष एवं प्राज्ञ परिषद् सदस्य प्रधानले प्रकाश पार्नुभयो । कार्यक्रमको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य त्रिपाठीले यस्ता कार्यक्रमले धादिङ जिल्लामा पर्यटन विकास र सांस्कृतिक विकासमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नृत्य कार्यक्रममा गल्छी आसपासका बासिन्दाको उल्लेख्य सहभागिता रहेको थियो । पृथ्वी राजमार्गमा यात्रा गरेका सर्वसाधारणले समेत यातायात रोकेर कार्यक्रम हेर्दै आनन्द लिएका थिए ।

कार्यक्रममा स्थानीय तथा काठमाडौंबाट गएका विभिन्न कलाकारले नृत्य प्रस्तुत गरेका थिए। कलाकारहरूद्वारा झाँगड नृत्य, हुड्केली नृत्य, झ्याउरे नृत्य, तामाङ सेलो नृत्य, स्याब्रु नृत्य प्रस्तुति गरिएको थियो । बलिदान चलचित्रको गाउँगाउँबाट उठ...गीतमा कलाकारले नृत्य गर्दा दर्शकले तालीले साथ दिएका थिए। यस्तै, विभिन्न राष्ट्रिय भावनाले ओतप्रोत गीतहरूमा कलाकारहरूले नृत्य प्रस्तुत गरेका थिए ।

# अम्बर गुरूङ स्मृति ग्रन्थ प्रकाशित

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले 'अम्बर गुरुङ्ग-स्मृति ग्रन्थ' प्रकाशन गरेको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपति, राष्ट्रिय गानका सङ्गीतकार तथा वरिष्ठ सङ्गीतकार अम्बर गुरुङको दोस्रो वार्षिक पुण्यतिथिको अवसरमा स्मृति ग्रन्थ सार्वजनिक गरिएको हो ।




स्मृति ग्रन्थमा अम्बर गुरुङका कृतित्व र व्यक्तित्वबारे पाँच दर्जनभन्दा बढी वरिष्ठ व्यक्तित्वहरूका लेख, रचना, संस्मरण तथा समालोचना समाविष्ट गरिएका छन् । ग्रन्थमा गुरूङका हालसम्मका प्रकाशित, अप्रकाशित प्रतिनिधिमूलक लेख, रचना र तस्बिरहरूलाईसमेत समावेश गरिएको छ । प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको संयोजकत्वमा प्रकाशित यो ग्रन्थका सम्पादक मण्डलमा प्रतिष्ठानका परिषद् सदस्यहरू रमेशरञ्जन झा, उन्नती बोहरा 'शीला', पुष्करराज गुरूङ, माधव प्रधान, उदय श्रेष्ठ, पवित्रा घर्तीमगर हुनुहुन्थ्यो । सम्पादन सहयोगी स्वप्निल स्मृति रहेको यो ग्रन्थ ६ सयभन्दा बढी पृष्ठको रहेको छ ।

पुस्तकमा राष्ट्रगानका सङ्गीतकार अम्बर गुरूङको बारेमा राष्ट्रकवि माधवप्रसाद घिमिरे, वाङ्मय शताब्दी पुरूष सत्यमोहन जोशी, यस प्रतिष्ठानका कुलपति सरूभक्त उपकुलपति शम्भूजीत बासकोटा, विजयकुमार राई, बैरागी काइँला, शान्ति ठटाल, प्रचण्ड मल्ल, रत्नशमशेर थापा, नगेन्द्र थापा, डा. अभि सुवेदी, उदय श्रेष्ठ, किशोर गुरूङ, डा. गोविन्दराज भट्टराई, तुलसी घिमिरे, तुलसी दिवस, देवेन्द्र भट्टराई, डा.नेत्र एटम, पिटर जे कार्थक, प्रकाश गुरूङ, बुलु मुकारूङ, रघु पन्त, रघु मैनाली, रमेश रञ्जन, रञ्जित गजमेर, रमण घिमिरे, राजेन्द्र थापा, रामेश, रायन, शंकर लामिछानेलगायतका लेखहरू समेटिएका छन् । यो पुस्तकको मूल्य पाँच सय रूपैयाँ राखिएको छ ।




# पूर्वसंस्कृतिमन्त्री पोखरेलद्वारा
# तामाङ सेलो नाट्य महोत्सव उद्घाटन

काठमाडौं। नेपाल सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठान र सेलो फाउन्डेसनको आयोजनामा काठमाडौंमा तीन दिने 'तामाङ सेलो नाट्य महोत्सव' सफलताका साथ सम्पन्न भएको छ। सेलोलाई तामाङ समुदायको सांस्कृतिक पहिचान मानिन्छ। यसभित्र गायन र नृत्य मात्रै नभई लोकनाटक र संस्कृतिका अनेक रङ्गमञ्चीय आयाम लुकेको हुन्छ। यही आयामलाई उजागर गर्न काठमाडौंमा तीन दिवसीय 'तामाङ सेलो नाट्य महोत्सव' आयोजना गरिएको हो।

काठमाडौंको बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा आयोजित नाटक महोत्सव २ असार दिउँसोबाट सुरु भएको हो। महोत्सव उद्घाटनअघि महोत्सवमा अतिथिलाई डम्फुरे र ताम्बा (संस्कृतिविद) ले गीत गाउँदै नाटकघरमा भित्र्याइएको थियो। सो क्रममा आगन्तुकलाई ग्रामीण तामाङ परम्पराअनुसार दोलदाको फूलको टीका लगाएर स्वागत गरिएको थियो।

पूर्वसंस्कृति तथा पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्द पोखरेलले महोत्सवको उद्घाटन गर्नुभयो। काठमाडौं आसपास बस्ने तामाङ समुदायको जीवन र संस्कृतिका आयामलाई महोत्सवले फराकिलो बनाउने दाबी गर्नुभयो।

मन्त्री पोखरेलले तामाङ समुदाय बौद्ध दर्शनसँग समेत जोडिएको बताउँदै आफू लामो समयदेखि बुद्ध नेपालमै जन्मेका हुन भन्ने अभियानमा कटिबद्ध भएर लागिपरेको जानकारी दिनुभयो। उहाँले तामाङ समुदायको मौलिकता प्रवर्द्धनका लागि समूहगत बनाउनुपर्ने सुझाव पनि दिनुभयो।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरुभक्त) ले तामाङ समुदायको रङ्गमञ्च उत्थानका लागि



महोत्सवले फलदायी हुने भनाइ राख्नुभयो । उहाँले तामाङको संस्कृति समेटिएका नाटक मञ्चनसँगै भेषभुषा, खाना आदिको प्रदर्शनीले महोत्सवस्थल नै सेलोमय भएको बताउनुभयो ।

प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं रङ्मञ्च विभाग प्रमुख पुष्कर गुरुङले २ असारबाट ४ असार २०७४ सम्म आयोजना गरिएको महोत्सवमा विभिन्न पाँचवटा नाटक चयन गरेर प्रदर्शन गरिएको जानकारी दिनुभयो ।

सो नाटक महोत्सव उद्घाटन समारोहमा पूर्वमन्त्री सूर्यमान दोङ, पूर्वराजदूत डा. गणेश योञ्जनले पनि तामाङ संस्कृति र तामाङ रङ्मञ्चको अवस्थाबारे चर्चा गर्दै कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो । महोत्सवमा तामाङ र नेपाली दुवै भाषामा नाटक मञ्चन गरिने सेलो फाउन्डेसनका अध्यक्ष जगत तामाङले बताउनुभयो । तामाङ रङ्मञ्चको विकास र विस्तारका लागि महोत्सव आयोजना गरिएको अध्यक्ष तामाङले बताउनुभयो ।

उद्घाटन समारोहपछि नाटक उत्सवमा फूलमान बलद्वारा लिखित तथा सोनाम पाखिनद्वारा निर्देशित नाटक 'सोनाम ग्याल्मो'लाई महोत्सवको पहिलो दिन २ असारमा मञ्चन गरिएको हो ।

यस्तै, बसन्त चौधरीको लेखन र शान्ति वाइवाको निर्देशन रहेको कविता नाटक ' ङाला फ्रेङबा धोङला टा' र र अर्को नाटक ' नाचेम'लाई महोत्सवमा दोस्रो दिन ३ असारमा मञ्चन गरियो ।

त्यसपछि ४ असारमा ल्हाप्साङ कर्पो म्युजिकको तर्फबाट रोशन फ्युबाले संयोजन गर्नुभएको लोकनाटक 'ल्हालिमो' र भाषाविद् अमृत योञ्जनको नाटक 'चारदाम' मञ्चन गरियो । महोत्सवमा शिल्पी थिएटर परिसर पूरै तामाङ मौलिकतामा सजाइएको थियो । कोही तामाङ खानेकुरा गेङ, आलुम, खाप्से, गन्डु थोङसे, आईराक (तीनपाने रक्सी) लगायत चाख्दै थिए, कोही पुस्तक र मौलिक भेषभुषाको स्टलमा रमाउँदै गरेको देखिन्थ्यो । धेरैले आइराक ताङ (परम्परागत रूपमा रक्सी पार्ने भाँडो) छेउ सेल्फी खिचेका थिए ।

नेपाली मौलिक रङ्मञ्च प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव अवधिभर पाँच नाटक र दुई कार्यपत्र प्रस्तुत गरिएका थिए । शिल्पी थिएटरमा पुस्तक तथा भेषभुषा प्रदर्शनी एवं तामाङ मौलिक खानाको स्टलका कारण यो महोत्सव तामाङ बस्ती जस्तै देखिएको थियो ।

# सोनाम ग्याल्मो

## जंगबहादुरको हत्या बारेको मिथ



काठमाडौं । नेपाल सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठान र सेलो फाउन्डेसनको आयोजनामा काठमाडौंमा तीन दिने 'तामाङ सेलो नाट्य महोत्सव'को पहिलो दिन २ असारमा उद्घाटन समारोहपछि दर्शकले नाटक 'सोनाम ग्याल्मो' हेर्ने अवसर पाए । जंगबहादुरको मृत्युसम्बन्धी तामाङ समुदायमा प्रचलित किंवदन्तीमा आधारित यो नाटकका निर्देशक सोनाम लामा हुनुहुन्थ्यो । यो नाटकलाई सेलो थिएटरले मञ्चन गरेको थियो ।

नाटकमा कलाकारहरू सोनाम लामा (मोक्तान), शान्ति वाइबा, फूलकुमार बम्जन, सुशन लामा, चाँदनी लामा, निकिता वाइबा, निशा पाखिन, मातृका, मनोज तामाङ, सन्तोष तामाङ (बोन्बो), सञ्जीव राई, देविन चौधरी, विजय टुबा, सुनिल तामाङ, साजन लामा, विजय टुबाको अभिनय थियो ।

पत्रकार एवं कवि नाटककार फूलमान बलले यो नाटक लेख्नुभएको हो । यो नाटकको प्राविधिकतर्फ मञ्च परिकल्पनामा जीवन बराल, मञ्च व्यवस्थापकमा सन्तोष तामाङ (बोन्बो), मञ्च सामग्रीमा सूर्यमान लिम्बू र बिपुल थापा, मञ्च निर्माणमा झकेन्द्र विसी, मञ्च सजावटमा सुरज सुवेदी, प्रकाश परिचालकमा नमस्ते दिवाकर घिमिरे हुनुहुन्थ्यो ।

नाटकको कथाअनुसार सर्लाहीको पत्थरघट्टा नजिक गाउँका युवा सोनाम र युवती ग्याल्मो एक अर्कालाई साह्रै माया गर्छन् । उनीहरूको विवाह पनि हुन्छ । एकदिन साथीसँग ग्याल्मो जंगल जान्छे । सोही क्रममा सिकार खेल्न पत्थरघट्टा पुगेका तत्कालीन श्री ३ जंगबहादुरले एक सुन्दर तामाङ युवती देख्छन् । युवतीको रूप र यौवन देखेर जंगबहादुर यति लोभिन्छन् कि उनले युवतीलाई रखौटी बनाउँछन् । केही समयपछि एकदिन एक युवक जंगबहादुर अघिल्तिर उभिन आइपुग्छ र 'जार काट्न मिल्ने कि नमिल्ने ?' भनेर सोध्छ । आफैले जार काट्ने कानुन बनाएका जंगबहादुरले सगौरव भन्छन्- 'किन नमिल्नू मिल्छ ।' लगत्तै युवकले जंगबहादुरमाथि खुकुरी प्रहार गर्छ । जंगबहादुर घायल बन्छन् ।

किंवदन्ती यति हो । यसपछि युवकलाई के भयो ? जंगबहादुरको मृत्यु त्यही खुकुरी प्रहारबाट भयो या अरू केही कारणले ? किंवदन्ती मौन छ । जंगबहादुरको मृत्युसम्बन्धी तथ्य र कथ्यहरू अहिलेसम्म पनि रहस्यमै छ ।



# ताचेमा : भोटमा नुन लिन जाँदाको संघर्ष

सयौं वर्षअघि तिब्बतमा नुन लिन जाँदा तामाङ र तिब्बतीबीच घमासान युद्ध भएको थियो । यो युद्धलाई फेरि एकपटक नाटक 'ताचेमा' सम्भना गराएको छ । काठमाडौंमा २-४ असारसम्म जारी सेलो नाट्य उत्सव-२०७५ को दोस्रो दिनको नाटक ताचेमा मञ्चन गरियो ।

तामाङ मौलिक खाना, पुस्तक प्रदर्शनी र ताम्बा नाचसहित राजधानीको शिल्पी थिएटरमा आयोजना गरिएको उत्सवमा ल्हाप्साङकर्पो म्युजिक सेन्टरका कलाकारले यो नाटक देखाएका थिए ।

गोपाल फ्युबाले संयोजन गरेको नाटक 'ताचेमा' धादिङ जिल्लाको प्रचलित लोकनाटक मानिन्छ । नाटकको कथाअनुसार तिब्बतमा नुन लिन गएका तामाङ सेनाले र तिब्बती सेनाहरूमाथि उनीहरूकै भूमिमा धावा बोल्छन् । दुई पक्षबीच युद्ध हुन्छ । युद्धले दुवै पक्षको क्षति पुग्छ, तर तामाङ सेनाले युद्ध छाड्दैनन् । युद्ध हारेको खण्डमा नुन नपाइने भएकाले तामाङ सिनेहरू युद्ध लडिरहन्छन् । तिब्बती सेना कमजोर हुँदै जान्छन् । त्यसपछि अन्तिममा तिब्बती सेना र तामाङ सेनाबीच मिलेमतो हुन्छ ।

उनीहरूले मिलेमतो भएको अवसरमा सगुन राख्छन् । यही सन्दर्भ यो नाटकमा समेटिएको छ । दुवै पक्ष मिलेपछि नुनसँग अन्न साटेर तामाङहरू तिब्बतबाट फर्किन्छन् । रातो वस्त्रधारी तिब्बती सेना र सेतो वस्त्रधारी तामाङ सेनाबीच भएको युद्धको दृश्यले यो नाटक निकै भव्य बनेको थियो ।

ल्हाप्साङकर्पो म्युजिक सेन्टरको प्रस्तुतिमा रहेको नाटक 'ताचेमा' मा रोशन फ्युबा, मनोज लोप्चन, सिंगबहादुर तामाङ, प्रकाश तामाङ, सन्देश तामाङ, शुभ सन्तोष तामाङ, विकल तामाङ, मुस्कान तामाङ, डिम्पल तामाङ, रेशा तामाङ र विनिता तामाङले अभिनय गरेका थिए । यो नाटकमा प्रकाश परिकल्पनामा उमेश तामाङ, प्रकाश परिचालकमा नमस्ते दिवाकर घिमिरे, ध्वनि परिकल्पनामा किरण चाम्लिङ राई र ध्वनि परिचालनमा हेमन तण्डुकार हुनुहुन्थ्यो ।

## तामाङ रङ्गमञ्चको अवस्थाबारे बहस


सेलो नाटक उत्सवको दोस्रो दिन नाटक ताचेमा मञ्चन गर्नुअघि 'तामाङ रङ्गमञ्चको अवस्था'बारे बहस गरियो ।

बहस कार्यक्रममा भाषाविद् अमृत योञ्जनले 'तामाङ रङ्गमञ्चको अवस्था' बारे कार्यपत्र पेस गर्नुभयो । उहाँले तामाङहरू लोकनाटकमा निकै धनी भएको बताउनुभयो । थुप्रै लोक नाटकहरूको नामसहित चर्चा गर्दै यसरी लोक नाटकमा धनी तामाङ समुदाय आधुनिक रङ्गमञ्चमा बिस्तारै उठ्न थालेको जानकारी गराउनुभयो ।

सो कार्यपत्रमाथि टिप्पणी गर्दै समाजशास्त्री डा.मुक्तसिंह तामाङले आधुनिक रङ्गमञ्चमा तामाङ रङ्कर्मी पछाडि पर्नुको कारणबारे प्रस्ट्याउनुभयो । सो कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त)ले अन्य भाषाभाषिका रङ्कर्मको तुलनामा तामाङ रङ्कर्म केही फस्टाउँदै गएको बताउनुभयो । कार्यक्रममा विभिन्न नाट्यकर्मीले सो कार्यपत्रमाथि टिप्पणी गरेका थिए ।



# ङाला फ्रेङबा धोङला टा :
# पितृप्रतिको सम्मान



काठमाडौं । कवि एवं उद्योगी वसन्त चौधरीको नेपाली कविता 'मेरो बोधिबृक्ष'को तामाङ भाषामा रूपान्तरण गरी कविता नाटक 'ङाला फ्रेङबा धोङला टा' मञ्चन गरियो । चौधरीको हालै प्रकाशित तामाङ भाषामा अनुवादित कविता सङ्ग्रह 'वसन्त' मा यो कविता समेटिएको छ । कविता मूलतः जन्मदिने बाबुआमाप्रति समर्पित छ ।


सन्तानहरूको हरेक सफलतामा आमाबुबा कसरी जोडिएका हुन्छन् ? आमाबुबाको हप्काईमा पनि ममताको कति विशाल भण्डार लुकिबसेको हुन्छ भन्ने कुरा यो कविता नाटकले प्रकाश पारेको थियो । सफलताको एउटा चुलीमा पुगेपछि बितेका समय र आमा-बुबाको योगदान सम्फेर मानिसहरू कसरी यादमा हराउँछन् भन्ने कविता नाटकको मूल भाव रहेको थियो ।

बौद्धचित्त मालाको रूखलाई पुर्खा, संस्कृति र परम्परागत ज्ञानको प्रतीकको रूपमा प्रस्तुत गरिएको नाटकमा चारैतिर छरिएर गएका सन्तानहरू अन्त्यमा आफ्नो बुबा-आमा (संस्कृति) सम्फेर फर्किन्छन् ।

पितृप्रतिको सम्मान, समर्पण र उनीहरूको मूल्यबोधको सौन्दर्यमा यो कविता समर्पित थियो । कलाकार शान्ति वाइवाको निर्देशनमा यो कविता नाटक मञ्चन गरियो ।

नाटकमा शान्तिसँगै सोनाम लामा, निशा पाखिन र सन्तोष तामाङको अभिनय रहेको थियो । यो नाटकको मञ्च परिकल्पनामा सन्तोष तामाङ (बोन्बो), कोरियोग्राफीमा निशा पाखिन प्रकाश परिकल्पनामा सोनाम पाखिन (मोक्तान), ध्वनि परिचालनमा हेमन तण्डुकार, भेषभुषामा निशा पाखिन, ध्वनि/सङ्गीत परिकल्पनामा किरण चाम्लिङ राई र ध्वनि परिचालनमा हेमन तण्डुकार हुनुहुन्थ्यो । यो नाटकलाई उत्सवमा सेलो थिएटरले मञ्चन गरेको थियो । नेपाली कवितालाई तामाङ भाषामा पत्रकार फूलमान बलले रूपान्तरण गर्नुभएको थियो ।

यो नाटक मञ्चनपछि कार्यक्रमका प्रमुख अतिथि काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले निर्देशक शान्तिलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।



# ल्हालिमो : गीत गाउँदै प्रेम गर्ने कथा



काठमाडौं । सेलो नाटक महोत्सवको अन्तिम दिन ४ असारमा दर्शकले लोकनाटक 'ल्हालिमो' हेर्ने अवसर पाए । यो नाटकलाई रोशन फ्युबाले संयोजन, निर्देशनमा मञ्चन गरिएको थियो । यो लोकनाटक गणेश हिमाल आसपासको तामाङ समाजमा प्रचलित छ । लोकनाटकमा पुरानो पुस्ताको प्रेमकथा र प्रेम गर्ने शैली देखाइएको थियो । लामा साक्षी राखेर गीत गाउँदै फिनी (काइँयो) र फोर्स्यो (हातेबुना झोला) उपहार साटासाट गर्दै आफ्नो जीवनसाथी रोज्ने चलनमा यो नाटक केन्द्रित थियो । नाटकको यो चलन दर्शकलाई नौलो र रोचक लागेको थियो ।

यो एउटा प्रदर्शनकारी लोकनाटक हो । ल्हाप्साङकार्पो क्षेत्र (धादिङ, नुवाकोट, रसुवा सिन्धुपाल्चोक अर्थात् नेत्रावती, बेत्रावती र इन्द्रावती नदीको मुहान आसपास) को तामाङ समुदायमा परापूर्वकालदेखि नै विभिन्न पर्वहरूमा प्रदर्शन गर्दै आइरहेको यो नाटक अहिले पनि माघ र फागुनको महिनामा मनाइने पर्वमा प्रदर्शन गरिन्छ ।


'ल्हाल्हिमो' चेमा (नाटक) युवा युवतीहरूमा लक्षित थियो । यसमा लामाको सहभागिता अनिवार्य हुन्छ किनभने लामाले छ्याङछ्योत गरेपछि बाजाको तालमा लामाले नै समूहलाई नेतृत्व प्रदान गर्दछ । युवाहरू नै केटा र केटीको जोडी बनेर नाच्छन् । नाच्ने बेलामा प्रत्येकले दुई हातको बुढी औंलाले च्यापेर पाँचनी माला आ-आफ्नो मुख बराबरको उचाइमा लिने र दायाँबायाँ गर्दै कुम र कम्मर हल्लाउँदै नाच्ने गर्छन् । यस नाचलाई डसङ वरिपरि घुमेर नाच्दै प्रस्तुत गरिन्छ । यससँगै बाहिरपट्टि ल्हाल्हिमोसँग सम्बन्धित ल्हाल्हिमा या मेन्चाकी पालिमो म्हाने गीत गाउँदै दोरा पनि नाच्दछन् । यसमा केटा र केटीबीचको प्रेम सम्बन्ध प्रस्तुत गरिएको थियो । उनीहरूबीच बोम्साङ गीतको माध्यमबाट सवाल जवाफ गरियो । यसरी दुवैबीच गीतमार्फत नै कुराकानी गरिसकेपछि दुवै पक्षले आ-आफ्नो जोडीमा चिनो फिनी (कायौं) र फोर्स्यो (सानो झोला) एक आपसमा साटी नाटक मैजारो गरे ।

उक्त नाटकलाई रोशन फ्युवाले निर्देशन गर्नुभएको थियो । यो नाटकमा रोशनसँगै मनोज लोप्चन, सिंगबहादुर तामाङ, मुस्कान तामाङ, डिम्पल तामाङ, रेशा तामाङ, प्रकाश तामाङ, सन्देश तामाङ, सुभ सन्तोश तामाङ, विकल तामाङ र विनीता तामाङको अभिनय रहेको थियो ।



नाटकमा प्रकाश परिकल्पनामा उमेश तामाङ, प्रकाश परिचालनमा नमरते दिवाकर घिमिरे, ध्वनि परिकल्पनामा किरण चाम्लिङ राई, ध्वनि परिचालनमा हेमन तण्डुकार हुनुहुन्थ्यो । सोही क्रममा रोशन फ्युबाले ल्हाप्साङकर्पो (गणेश हिमाल) आसपासमा प्रचलित लोकनाटकसम्बन्धी कार्यपत्र पनि प्रस्तुत गर्नुभएको थियो । उहाँको सो कार्यपत्रमाथि लेखक विगेन्द्र वाइबा तामाङले टिप्पणी गर्नुभएको थियो ।

# चारदाम : तामाङ समुदायको विवाह संस्कार



काठमाडौं । सेलो नाटक उत्सव ४ असारमा भाषाविद् अमृत योञ्जनको नाटक 'चारदाम' मञ्चन गर्दै समापन भयो । यो नाटकलाई योञ्जनले तीन दशकअघि लेख्नुभएको थियो ।

तामाङ समुदायमा विवाह संस्कारको चुरो मानिने चारदाम विधिमाथि लेखिएको यही नाटकको परिमार्जित संस्करण मञ्चन गरिएको हो । नाटकलाई निशा पाख्रिन र सन्तोष तामाङ 'बोन्बो' ले निर्देशन गर्नुभएको थियो ।

योञ्जनको नाटकमा चारदाम संस्कृतिलाई केन्द्रमा राखी सहरी र ग्रामीण समाजबीच भएको सांस्कृतिक अन्तर्द्वन्द्व समेटिएको थियो ।

नाटकको कथाअनुसार विदेशमा बसेर आएको एकजना केटाको गाउँको तामाङ युवतीसँग प्रेम परेको हुन्छ । बेहुली लिन जन्तीसहित उक्त केटा सहरबाट गाउँ जान्छ । गाउँमा ताम्बासहित विधिपूर्वक विवाहको तयारी भइरहेको हुन्छ । तर, केटा पक्ष भने आधुनिक शैलीमा गएको हुन्छ । उनीहरूको टोलीसँग विवाहमा महत्वपूर्ण मानिने ताम्बा हुँदैनन् । यही विषयमा बेहुला र बेहुली पक्षको मनमुटाव सुरु हुन्छ । बेहुली पक्ष कुनै पनि हालतमा 'चारदाम' विधि गरेर मात्रै विवाह हुने अडानमा हुन्छ । बेहुला पक्ष भने आधुनिक शैलीमा विवाह गर्न चाहन्छ । प्रेम नै परेको भएपनि चारदामविना बिहे नगर्ने बेहुलीले अड्डी कसेपछि जन्ती फर्किन्छ र अर्कोपटक ताम्बासहित चारदाम गर्ने गरी बेहुला बेहुलीको घर पुग्छ ।

यसरी संस्कृति संरक्षण गर्नुपर्छ र पर्दैन भन्ने दुई विपरीत धारणालाई बेहुला र बेहुली पक्षको रूपमा प्रतीकात्मक प्रस्तुति गरिएको नाटकले मौलिक ज्ञान र सांस्कृतिक पहिचानको पक्षमा वकालत गरेको थियो । आधुनिक सञ्चारका कारण नेपाली समाजमा प्रभाव जमाउँदै गरेको हिन्दी गीतको संस्कृतिप्रति पनि नाटकले व्यंग्य गरेको थियो ।

यो नाटकमा चाँदनी लामा, फूलकुमार बमजन, सुसन लामा, शान्ति वाइबा, सोनाम लामा मोक्तान, निशा, निकिता वाइबा, सन्तोष, विजय टुबा, मनोज तामाङ, सञ्जीव राई, देविन चौधरी, सुनील तामाङ, साजन लामा, विजय टुबालगायतको अभिनय थियो ।

यो नाटकको मञ्च परिकल्पनामा जीवन बराल, मञ्च निर्माणमा झकेन्द्र विसी, मञ्च सजावटमा सुरज सुवेदी हुनुहुन्थ्यो । भेषभुषामा शान्ति वाइवा/निशा पाख्रिन, कोरियोग्राफीमा सुसन लामा, निशा पाख्रिन, गायनमा सुसन लामा, फूलकुमार बम्जन, प्रकाश परिकल्पनामा उमेश तामाङ, प्रकाश परिचालकमा नमस्ते दिवाकर घिमिरे, ध्वनि परिकल्पनामा किरण चाम्लिङ राई, ध्वनि परिचालनमा हेमन तण्डुकार र प्रोडक्सन म्यानेजरमा शान्ति वाइबा हुनुहुन्थ्यो । यसरी तीन दिनदेखि जारी महोत्सवमा दुई लोक, एक कविता र दुई आधुनिक गरी पाँचवटा नाटक मञ्चन गरिएका थिए ।

## कानूनमन्त्री तामाङको आतिथ्यमा उत्सव सम्पन्न

सेलो नाटक उत्सवको अन्तिम दिन आयोजित नाटक समापन समारोहको प्रमुख अतिथिमा कानुनमन्त्री डा.शेरबहादुर तामाङ हुनुहुन्थ्यो । मन्त्री तामाङले मुलुकभित्र रहेका हरेक जातजातिको मौलिकता संरक्षण र प्रवर्द्धन हुन सके समग्र नेपाली संस्कृतिको ढुकुटी भरिभराउ हुने भनाइ राख्नुभयो ।

मन्त्री तामाङले अचेल जुनसुकै सांस्कृतिक कार्यक्रम 'तामाङ सेलो' विना अधुरो रहने गरेको आफूले देखेको बताउनुभयो । सेलो नामबाट नाट्य उत्सव नै गरेकोमा मन्त्री तामाङले आयोजक पक्षको प्रशंसा गर्नुभयो ।

नेपाल सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठान र सेलो फाउन्डेसनले गरेको महोत्सवमा मौलिक खाना, ताम्बा संस्कृति, भेषभूषा र पुस्तक प्रदर्शनीसमेत गरिएको थियो । समापन समारोहलाई सम्बोधन गर्दै प्रतिष्ठानका कुलपति सरुभक्तले मुलुकमै यति सघन सांस्कृतिक मौलिकतासहित पहिलोपटक सेलो नाटक उत्सव सफलतापूर्वक सम्पन्न हुन सकेको बताउनुभयो । महोत्सवका संयोजक एवं यस प्रतिष्ठान रङ्गमञ्च विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले गत वर्ष गुरूङ समुदायमा केन्द्रित भएर लमजुङमा 'रोधी महोत्सव' गरेको र यसपटक तामाङ समुदायलाई छानेको सेलो नाटक महोत्सव गरिएको जानकारी गराउनुभयो । आफूहरूले पहिलोपटक सेलो नाट्य उत्सव गरेको र पहिलोपटकमा नै सफल भएको आयोजक तथा सेलो फाउन्डेसनका अध्यक्ष जगत तामाङले बताउनुभयो । उहाँले यो उत्सवलाई हरेक वर्ष निरन्तरता दिन प्रयास गर्ने प्रतिबद्धता जनाउनुभयो ।

# गीत गाउँदै मनाइयो विश्व सङ्गीत दिवस

काठमाडौं । विगत झैं यो वर्ष पनि ७ असार २०७५ अर्थात् २१ जुन २०१८ मा विविध कार्यक्रम गरेर विश्व सङ्गीत दिवस मनाइएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थान, नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय र नेपाल साङ्गीतिक संघको संयुक्त आयोजनामा काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा विश्व सङ्गीत दिवस मनाइएको हो ।

वर्षकै लामो दिन २१ जुन अर्थात् ७ असारमा गीत सङ्गीत सुनेर मनोरञ्जन लिने गरिन्छ । लामो दिन भएकै कारण २१ जुनलाई विश्व सङ्गीत दिवसको रूपमा मनाउने गरिएको हो ।

यसपटकको विश्व सङ्गीत दिवसमा स्रष्टा सम्मान, गीत, सङ्गीत, नृत्य, वाद्यवादन प्रस्तुतलगायत विभिन्न कार्यक्रम गरिएको छ । विश्व सङ्गीत दिवसको अवसरमा विभिन्न स्रष्टालाई सम्मान गरिएको हो ।

सो कार्यक्रमका प्रमुख अतिथि उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेल हुनुहुन्थ्यो । कार्यक्रममा वरिष्ठ सङ्गीतकार एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटालाई सङ्गीत तर्फको सम्मान प्रदान गरियो ।

यस्तै, गायकतर्फको सम्मान अग्रज गायक कुमार बस्नेत, गीतकारतर्फको सम्मान अग्रज गीतकार विश्व बल्लभ, नृत्य निर्देशकको सम्मान बेटी बज्राचार्य, वाद्यवादनको सम्मान न्हुच्छेमान डंगोल, पूर्वरजिस्ट्रार राजेन्द्र सिग्देल र कला पत्रकारको सम्मान विजयरत्न तुलाधरलाई प्रदान गरियो ।

यस्तै, सांस्कृतिक संस्थानका तर्फबाट गायिका लोचन भट्टराई र रेखा श्रेष्ठ कटुवाललाई दीर्घ सेवा पदक, सीता कार्कीलाई उत्कृष्ट सेवा सम्मान र गीतकार लोकराज




## उपकुलपति बासकोटा विशेष सम्मानबाट सम्मानित

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवं वरिष्ठ सङ्गीतकार शम्भूजीत बासकोटा विशेष सम्मानबाट सम्मानित हुनुभएको छ ।

विश्व सङ्गीत दिवसको दिन काठमाडौंको जमलस्थित नाचघरमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाद्वारा उपकुलपति बासकोटालाई सङ्गीत विधाबाट संयुक्त रूपमा विशेष सम्मानबाट सम्मानित गरिएको हो ।

उपप्रधान तथा रक्षामन्त्री पोखरेलले उपकुलपति बासकोटालाई सो सम्मान प्रदान गर्नु भएको थियो । नेपाली सङ्गीत क्षेत्रमा पाँच दशकभन्दा लामो समयदेखि निरन्तर योगदान दिँदै हजारौं चर्चित एवं कालजयी गीत सङ्गीत सृजना गरेर नेपाली सङ्गीतलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा योगदान पुऱ्याएको भन्दै उहाँलाई विशेष सम्मानबाट सम्मानित गरिएको हो ।

कार्यक्रममा गायन, गीत लेखन, वाद्यवादन विधाका एक एक अग्रज स्रष्टालाई पनि विधागत सम्मान गरियो । कार्यक्रममा सम्मानित स्रष्टामध्येबाट यस प्रतिष्ठानका उपकुलपति बासकोटाले आफ्ना विचार राख्दै विश्व सङ्गीत दिवस आफूहरूका लागि महत्वपूर्ण दिन भएको बताउनुभयो । उहाँले आफूले नेपाली सङ्गीतमा दिएको योगदानको स्मरण पनि गर्नुभयो । नेपालीहरूको अथक प्रयासले नेपाली सङ्गीत विश्वमा फैलिँदै गएको भनाइ उहाँले राख्नुभयो । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपाली गीत सङ्गीतको प्रभाव बढ्दै गएको जानकारी गराउँदै त्यसप्रति उहाँले खुसी व्यक्त गर्नुभयो ।



अधिकारीलाई सम्मान गरियो ।

उपप्रधानमन्त्री तथा रक्षामन्त्री पोखरेलले सम्बन्धित स्रष्टालाई सम्मान गर्नुभएको थियो । प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शीला', सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापालगायतले सम्मानित स्रष्टालाई टीका एवं खादा लगाइदिनुभएको थियो ।

उपप्रधानमन्त्री पोखरेलले विश्व सङ्गीत दिवसले विश्वका सङ्गीतकर्मीलाई जोड्ने काम गरेको बताउनुभयो । नेपाली लोकसङ्गीत तथा संस्कृतिमा धनी भएकाले यसको संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । हाम्रो पहिचान लोकसङ्गीत, लोक संस्कृति भएको उपप्रधानमन्त्री पोखरेलले बताउनुभयो ।

कार्यक्रममा करिब तीन घन्टासम्म विभिन्न कलाकारहरूले गीत सङ्गीत प्रस्तुत गरेका थिए । विश्व सङ्गीत दिवसबारे सो कार्यक्रमका संयोजक तथा नेपाल साङ्गीतिक संघका अध्यक्ष मिलन मोक्तानले प्रकाश पार्नुभएको थियो ।

नेपाली सैनिक ब्याण्डको प्रत्यक्ष साङ्गीतिक प्रस्तुतिसँगै कार्यक्रम सुरू भएको थियो । सो प्रस्तुतिले उपप्रधानमन्त्री पोखरेललेखि दर्शकसम्मको मन जितेको थियो ।

गायक छिरिङ भुटिया र उहाँको ब्यान्डको प्रस्तुति पनि कार्यक्रमको आकर्षण रह्यो । यस्तै, गायक यम बरालले आफ्नो प्रदर्शोन्मुख चलचित्र भैरेको सनम माया लाको गीत गाएर दर्शकलाई नचाउनुभयो ।

साधना कला केन्द्रका कलाकारको प्रस्तुति पनि उत्कृष्ट थियो । कार्यक्रममा जुना प्रसाई, टीका प्रसाई, धिरज राई, विपीन घिमिरे, सञ्जीव पराजुली, प्राश्ना शाक्य, याङ्शु श्रेष्ठलगायतले आफ्ना चर्चित गीत प्रस्तुत गरे । सांस्कृतिक संस्थानका कलाकारहरूले कार्यक्रममा गायनसँगै विभिन्न नृत्य प्रस्तुत गरेका थिए ।





# संस्कृतिमन्त्री रवीन्द्र अधिकारीद्वारा
# ज्योतिरीश्वर रङ्ग उत्सव उद्घाटन



काठमाडौं । संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले ज्योतिरीश्वर रङ्ग उत्सव-२०७५को उद्घाटन गर्नुभएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा ८ देखि १० असारसम्म काठमाडौंमा आयोजना गरिएको रङ्ग उत्सवको उहाँले दीप प्रज्वलन गरेर उद्घाटन गर्नुभएको हो ।

काठमाडौंको बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा आयोजित नाटक उत्सवमा संस्कृतिमन्त्री अधिकारीले नेपाल र भारत गरी दुई देश सहभागी यो नाटक उत्सवले युवा पुस्तामा पनि नाटकप्रति आकर्षण जगाउने बताउनुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारीले आफू नाटकप्रेमी भएको र नेपालमा नाटकसम्बन्धी कामहरू अझै निकै कम भएको विचार राख्नुभयो ।

उहाँले तीनवटा प्रज्ञा प्रतिष्ठानलाई एउटै बनाउने योजना तत्काल नरहेको धारणा राख्नुभयो । संस्कृतिमन्त्री अधिकारीले तीनवटा प्रतिष्ठानलाई गाभेर एउटै बनाउनुपर्ने पक्षमा आफू नरहेको धारणा राख्दै भन्नुभयो, 'केन्द्रसहित प्रदेशमा समेत प्रतिष्ठानहरू विस्तार गर्नुपर्ने भएकाले धेरैवटा शाखा हुँदा आर्थिक भार पर्ने हो कि भन्ने धारणा उठेको हो । यसबारे के गर्ने भनेर बृहत् छलफल गर्नुपर्ने भएकाले तत्काल तीनवटै गाभिएर एउटै बन्दैन ।'



नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले उत्सवमा यसपटक नेपाल र भारतका ६ वटा नाटक मञ्चन गर्न लागिएको जानकारी गराउनुभयो । उहाँले नाटकमार्फत नेपाल र भारतको अन्तरसीमा सांस्कृतिकसम्बन्धी विस्तारका लागि नाटक उत्सव आयोजना गरिएको बताउनुभयो ।

उत्सवका संयोजक एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले वि.सं १३०५ सालमै सिम्रौनगढका नाटककार ज्योतिरीश्वर ठाकुरले लेखेको नाटकको पाण्डुलिपि अहिले पनि सुरक्षित भएको जानकारी गराउनुभयो । सोही नाटक उत्सवमा मञ्चन गरिने भएकाले उत्सवको नाम ज्योतिरीश्वर रङ्ग उत्सव राखिएको उहाँले बताउनुभयो । उत्सवमा प्रदर्शित नाटकको बारेमा उहाँले प्रकाश पार्नुभएको थियो ।

उत्सवको पहिलो दिन ८ असारमा दुईवटा नाटक मञ्चन गरिएको थियो । तीन दिनसम्म चलेको उत्सवको उद्घाटन सत्रमा सांस्कृतिक संस्थानको प्रस्तुति तथा वीरेन्द्र हमालको निर्देशन रहेको नाटक 'भृ' मञ्चन गरियो । नेपालकी राजकुमारी भृकुटीले तिब्बतका राजासँग विवाह गरेपछि उनी नेपाल नफर्किएको र हराएको भन्ने कथनमा यो नाटक केन्द्रित थियो ।

८ असारमै बेलुकाको शोमा डा.प्रकाश झाको निर्देशनमा नाटक धूर्तसमागम मञ्चन गरियो । सात सय वर्ष पुरानो यो नाटकलाई मैथिली भाषामा मेलोरङ्ग रेपर्टरी (मैथिली लोकरङ्ग) दिल्लीले मञ्चन गऱ्यो ।

उत्सवमा ९ असारमा राम केएसी निर्देशित नाटक अश्वेत र श्यामकुमार सहनी निर्देशित भारतीय नाटक संवदिया मञ्चन गरियो ।

यस्तै, उत्सवको अन्तिम दिन १० असारमा पत्रकार फुलमान बलको नाटक सोनाम ग्याल्मो र जैनेन्द्र दोस्त निर्देशित भारतीय नाटक भिखारीनामा मञ्चन भयो ।

# भृ :


# भृकुटी हराएको रहस्य



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा ८-१० असारसम्म काठमाडौंमा आयोजना गरिएको ज्योतिरीश्वर रङ्ग उत्सव २०७५ को उद्घाटन सत्रमा नाटक भृ मञ्चन गरियो। यो नाटक ८ असार दिउँसो मञ्चन गरिएको थियो । महोत्सवमा नेपालमा छानिएका तीन नाटकमध्ये नाटक भृलाई सांस्कृतिक संस्थानले प्रस्तुत गरेको थियो ।

काठमाडौंको बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा आयोजित उत्सवमा भृ देखाइएको हो । नाटकको कथाअनुसार एउटा मृतात्मा छट्पटाइरहेको हुन्छ । त्यो आत्मालाई झाँक्रीले आफ्नो वशमा पारेर सोधखोज गर्छन् । अनि ती नारी आफ्नो कथा सुनाउँछिन् । कथाअनुसार उनी नेपालकी लिच्छिविकालकी एक बर्मा राजाकी छोरी राजकुमारी भृकुटी हुन्छिन् । किशोरी अवस्थामा उनको दरबारकै एक मूर्तिकारसँग प्रेम बस्छ । उनीहरू प्रेममा रमाउँछन् । घुमफिर गर्छन्, खुब रमाईलो गर्छन् ।

एकदिन राजकुमारीको इच्छाविपरीत तिब्बतका राजासँग भृकुटीको विवाह हुन्छ । नेपालबाट उनलाई तिब्बत लगिन्छ । त्यसपछि उनी कहिल्यै नेपाल फर्किंदिनन् । उनको रहस्यमय मृत्यु भएको र आफ्नो आत्माले मुक्ति पाउन संघर्ष गरिरहेको ती राजकुमारीले बताउँछिन् । झाँक्रीले उनको आत्मालाई मुक्ति गरिदिन्छन् । नाटक सकिन्छ ।



यसरी नेपालकी राजकुमारी भृकुटीले तिब्बतका राजासँग विवाह गरेपछि उनी नेपाल नफर्किएको र हराएको भन्ने कथनमा नाटक केन्द्रित थियो । त्यतिबेलाका कालखण्डलाई झल्काउने यो नाटकको निर्देशन वीरेन्द्र हमालले गर्नुभएको थियो ।

नाटकमा सांस्कृतिक संस्थानका कलाकारहरू गोरन चौधरी, आकाश त्रकछाकी, सुशीला थापा, माया थापा, गीता राई, लोकेन्द्र लेखक, लक्ष्मी तामाङ, मदन थापा, मिलन नेपाली, गीता थापा, सङ्गीत लिम्बू र तिलक सुनुवारको अभिनय थियो । नाटकमा भृकुटीको भूमिका सुशीला थापाले निर्वाह गर्नुभएको थियो । वीरेन्द्र हमाल आफैले लेख्नुभएको यो नाटकको मञ्च निर्माण तिलक सुनुवार, प्रकाश परिचालन मिलन नेपाली र मञ्च सहयोग ओम बानियाँ र दीपकको थियो । तिब्बतमा भृकुटी हराएको प्रसंगलाई २०७२ सालको विनाशकारी भूकम्पसँग जोडेर यो नाटक तयार गरिएको निर्देशक हमालले बताउनुभयो । नाटकमा भृकुटीको कालखण्डको भेषभुषा प्रयोग गरिएको थियो ।



# धुर्तसमागम : एक नारीका लागि पुरुषको संघर्ष

काठमाडौं । ज्योतिरीश्वर रङ्ग उत्सव २०७५ को पहिलो दिन ८ असार बेलुकाको शोमा नाटक धूर्तसमागम मञ्चन गरियो ।

सात सय वर्ष पुरानो यो नाटकलाई मैथिली भाषामा मैलोरङ्ग रेपर्टरी (मैथिली लोकरङ्ग) दिल्लीले मञ्चन गरेको थियो । नेपालको सिम्रौनगढका राजा हरिसिंहदेवका दरबारका रत्न मानिने ज्योतिरीश्वर ठाकुरले यो नाटक १३०५ सालमा लेख्नुभएको थियो । नाटकलाई डा प्रकाश झाले अहिलेको समसामयिक मैथिली भाषामा ढालेर आफ्नै निर्देशनमा मञ्चन गर्नुभएको हो । महोत्सवका लागि यो नाटक भारतबाट चयन भएको थियो । नाटकमा पूजा प्रियादर्शनी, रमन कुमार, मनिषा झा, सोनिया झा, मुकेश झा, बँगट लाल, जितेन्द्र कुमार, सञ्जीव कुमारलगायतको अभिनय थियो । सात सय वर्ष पुरानो यो नाटक निकै रोचक बनेको थियो । नाटकका दाउपेचहरू अहिलेको राजनीति तथा सामाजिक परिवेशसँग धेरै मेल खाने प्रकारको थियो ।

धुर्तसमागममा साधु र उनका शिष्यलाई मुख्य पात्र बनाइएको छ । नाटकको कथाअनुसार धुर्तसमागममा सबै एक अर्काभन्दा अब्बल धुर्तहरू छन् । त्यसैले यसको नाम धुर्तसमागम राखिएको हुन सक्छ । नाटकमा विश्वनगर स्त्रीको अभावमा ब्रह्मचारीको अवस्थामा हुन्छन् । उनी आफ्नो शिष्य स्नातकसँगै भिक्षाका लागि मृताङ्र ठाकुरकहाँ जान्छन् । तर ठाकुर किरियामा बसेका अवस्था रहेकाले भिक्षा दिन नमिल्ने बहाना बनाइन्छ ।

त्यसपछि उनीहरू सुजत प्रियाकोमा भिक्षा माग्न जाँदा त्यहाँ अनङ्गसेन वेश्या भेट्छन् । ती वेश्या प्राप्तिका लागि गुरू र शिष्यबीच द्वन्द्व हुन्छ । झगडा समाधानका लागि अनङ्गसेनलाई लिएर गुरुचेला असज्जाति मिश्रकोमा जान्छन् । असज्जाति मिश्र र उनका चेला बन्धबञ्चक दुवैले यी दुईबाट अनङ्गसेनलाई हडप्ने प्रयास गर्छन् । मिश्र धूर्तवृत्तिकै कारण ती वेश्यालाई प्राप्त गर्छन् । यसरी एउटी स्त्रीका लागि विभिन्न पुरूषबीच भएको धूर्तता यसमा प्रस्तुत गरिएको छ ।

यो नाटकमा सोनिया झाको भेषभुषा, सजिकुमार बिट्टुको प्रकाश सञ्चालन, प्रकाश झाको आलेख, श्यामकुमार सहनीको प्रकाश परिकल्पना रहेको थियो ।





# अश्वेत : नारी अधिकारका लागि सशक्त आवाज


काठमाडौं । नाटक उत्सवको दोस्रो दिन ९ असार अपरान्हको शोमा नाटक अश्वेत मञ्चन गरियो । यो नाटकलाई सद्भाव थिएटरले मञ्चन गरेको हो ।

नाटकको कथाअनुसार संसारको सन्तुलनको लागि सृष्टि गरिएका नारी र पुरुष समयान्तरमा विभिन्न बुद्धिको अधीनमा रहन पुग्दा आफैं असन्तुलित रहे । मानव इतिहासमा जब सु-व्यवस्था, सु-शासन र सु-संस्कारका रङ्गहरू पहिल्याइन थाले, थुप्रै दमित आवाजहरूले आफ्नो रङ्ग पाए । जसमा थुप्रै आन्दोलनहरूमध्येको महत्वपूर्ण आन्दोलन नारी आन्दोलन हो । जो महिला हकहित, अधिकार र सुरक्षाको मेरूदण्ड बन्यो ।

फेरि युग संस्करणहरूमा बाँचेका कुन्तिहरू, शकुन्तलाहरू, सीताहरू, माधवीहरू र यी अस्मिताको चरित्र, इमान र स्वाभिमान, अस्तित्वमाथि कसले चलाइरहेछ प्रश्नचिन्हको धारिलो प्रश्न ? के नारी चरित्रलाई मात्र केन्द्रमा राखेर कोरिएका लक्ष्मणरेखाहरूले सम्बोधन गर्न सक्छ, युगका कर्कस स्वभावहरू ? त्यसैले अबको युगले यी अश्वेत पीडाहरूलाई खप्न सक्दैन । यसका लागि नारीहरूले नै संघर्ष गर्नुपर्छ भन्ने कथा यो नाटकले बोकेको थियो ।

राम केएसी निर्देशित अश्वेत नाटकमा नारी र पुरूषको समस्याले निम्त्याउने विविध समस्या उठाइएको छ । यो नाटकमा शिवप्रसाद अधिकारी, अमृता खनाल, प्रदीप बास्तोला, शिक्षा केसी, एलिजा अधिकारी, दिलीप खड्का, विज्ञान गजुरेल, किरण चपागाईं, तिर्सना राईको अभिनय थियो । नाटकलाई रामले नै लेख्नुभएको हो ।

यो नाटकमा भीनमाया प्रजापतिको भेषभुषा, टीकाभक्त जिरेलको मञ्च र प्रकाश, शिवप्रसाद अधिकारीको सङ्गीत संयोजन, आभा नेपालको सङ्गीत परिचालन, सुष्मा कोइरालाको कोरियोग्राफी, सुशीललक्ष्मी महर्जनको सहनिर्देशन थियो ।



## संवदीया :

# सन्देश संवाहकको पलायन कथा





काठमाडौं । ज्योतिरीश्वर रङ्ग उत्सवको दोस्रो दिन ९ असार बेलुकाको शोमा नाटक संवदीया मञ्चन गरियो ।

श्यामकुमार सहनीको परिकल्पना तथा निर्देशन रहेको यो नाटकलाई कलर ह्वेल थिएटर ग्रुप दिल्लीले मञ्चन गरेको हो । कलर ह्वेल थिएटर दिल्लीसँगै दरभंगा र मुम्बईमा पनि रहेको छ ।

कथाकार फणीस्वरनाथ रेणुको संवदीया कथालाई श्यामकुमारी सहनीले प्रस्तुत गर्नुभएको हो । एकल पात्रलाई मञ्चमा उतारिएको यो नाटकमा ती पात्रको विविध चरित्र निकै आकर्षक थियो ।

नाटकले संवदीया अर्थात् सूचना पुऱ्याउने व्यक्तिको कथालाई प्रस्तुत गरेको छ । यस्ता समाचारहरू कुनै सुखद र कुनै दुःखद पनि हुन्छ । समाचार पुऱ्याउँदा सन्देशबाहकले के कस्ता नाटक गर्नुपर्छ भन्ने तथ्यलाई देखाइएको थियो ।

कलाकार भाष्कर झा एकल कलाकारको रूपमा नाटकमा प्रस्तुत हुनु भएको थियो । नाटकको सशक्त पक्ष भनेकै एकल कलाकारले विविध भूमिकामा अभिनय गर्नु हो । कलाकार भाष्करले थरीथरीका चरित्र निर्वाह गरेर नाटकमा धेरै कलाकारले अभिनय गरेको महसुस दर्शकलाई गराउनुभयो ।

मोबाइल, इमेल, च्याट जस्ता प्रविधिले यस्ता सूचना संवाहकको रोजगारी गुमिसकेको छ । तर पनि यस्ता मेसिन तथा प्रविधिले गर्न नसक्ने काम अहिले पनि संवदीयाले गर्छन् है भन्ने सन्देश नाटकको थियो ।

नाटकको प्राविधिक पक्षतर्फ प्रकाश परिचालनमा ह्याप्पी बिजुलिया, सङ्गीत परिकल्पनामा भाष्कर झा र श्यामकुमार सहनी, सङ्गीत प्रस्तोता (बादन) नालमा अनिल मिश्र र सहनाईमा कपिल, गायनमा श्यामकुमार सहनी, अमरजी राय, मनोज पाण्डे, अवधेश भारद्वाज, भेषभुषा र मञ्च सामग्रीमा तृप्ति झा र निर्देशनमा श्यामकुमार सहनी हुनुहुन्थ्यो ।





# सोनाम ग्याल्मो :
# श्री ३ जंगबहादुरको हत्या रहस्य

काठमाडौं । ज्योतिरीश्वर रङ्ग उत्सवको तेस्रो दिन १० असार दिउँसो शिल्पी थिएटरमा नाटक सोनाम ग्याल्मो मञ्चन गरियो । यो नाटकलाई सेलो थिएटरले मञ्चन गरेको थियो । जंगबहादुरको मृत्युसम्बन्धी तामाङ समुदायमा प्रचलित किंवदन्तीमा आधारित यो नाटकका निर्देशक सोनाम लामा हुनुहुन्थ्यो ।

नाटकको सुरूमा तामाङ समुदायमा केटा पक्ष केटी माग्न जाँदा केटीको घर पुगेर चारदाम चढाउने संस्कार देखाइन्छ । त्यसपछि केटा र केटीलाई माउने क्रममा यो किंवदन्ती सुनाइन्छ । किंवदन्तीअनुसार सर्लाहीको पत्थरघट्टा नजिक गाउँका युवा सोनाम र युवती ग्याल्मो एक अर्कालाई साह्रै माया गर्छन् । उनीहरूको विवाह पनि हुन्छ । एकदिन साथीसँग ग्याल्मो जंगल जान्छे । सोही क्रममा सिकार खेल्न पत्थरघट्टा पुगेका तत्कालीन श्री ३ जंगबहादुरले एक सुन्दर तामाङ युवती देख्छन् । युवतीको रूप र यौवन देखेर जंगबहादुर यति लोभिन्छन् कि उनले युवतीलाई रखौटी बनाउँछन् । केही समयपछि एकदिन एक युवक जंगबहादुर अघिल्तिर उभिन आइपुग्छ र 'जार काट्न मिल्ने कि नमिल्ने ?' भनेर सोध्छ । आफैले जार काट्ने कानुन बनाएका जंगबहादुरले सगौरव भन्छन्- 'किन नमिल्नू मिल्छ ।' लगत्तै युवकले जंगबहादुरमाथि खुकुरी प्रहार गर्छ । जंगबहादुर घायल बन्छन् ।


किंवदन्ती यति हो । यसपछि युवकलाई के भयो ? जंगबहादुरको मृत्यु त्यही खुकुरी प्रहारबाट भयो या अरू केही कारणले ? किंवदन्ती मौन छ । जंगबहादुरको मृत्युसम्बन्धी तथ्य र कथ्यहरू अहिलेसम्म पनि रहस्यमै छ ।

नाटकमा कलाकारहरू सोनाम लामा (मोक्तान), शान्ति वाइबा, फूलकुमार बम्जन, सुशन लामा, चाँदनी लामा, निकिता वाइबा, निशा पाखिन, मातृका, मनोज तामाङ, सन्तोष तामाङ (बोन्बो), सञ्जीव राई, देविन चौधरी, विजय टुबा, सुनिल तामाङ, साजन लामा, विजय टुबाको अभिनय थियो । पत्रकार एवं कवि नाटककार फूलमान बलले यो नाटक लेख्नुभएको हो । यो नाटकको प्राविधिकतर्फ मञ्च परिकल्पनामा जीवन बराल, मञ्च व्यवस्थापकमा सन्तोष तामाङ (बोन्बो), मञ्च सामग्रीमा सूर्यमान लिम्बू र बिपुल थापा, मञ्च निर्माणमा झकेन्द्र विसी, मञ्च सजावटमा सुरज सुवेदी, प्रकाश परिचालकमा नमस्ते दिवाकर घिमिरे हुनुहुन्थ्यो ।

यस्तै, ध्वनि परिचालनमा हेमन तण्डुकार, भेषभुषामा निकिता वाइबालगायत, कोरियोग्राफीमा सुशन लामा, निशा पाखिन र गायनमा सुशन लामा, फूलकुमार बम्जनलगायत हुनुहुन्थ्यो ।



# भिखारीनामा : नाट्यकर्मी भिखारीको जीवनकथा



काठमाडौं । ज्योतिरीश्वर रङ्ग उत्सवको तेस्रो (अन्तिम) दिन १० असारको अन्तिम (साँझ) शोमा नाटक भिखारीनाम मञ्चन गरियो । भिखारी ठाकुर रङ्गमण्डल भारतले यो नाटकलाई मञ्चन गरेको हो । नाटकलाई जैनेन्द्र दोस्तले निर्देशन गर्नुभएको थियो ।

यो नाटकलाई भोजपुरी र हिन्दी गरी दुई भाषामा मिश्रित गरेर मञ्चन गरिएको थियो । जसमा रामचन्द्र माझी, जैनेन्द्र दोस्त, सुनिल मावस्कर, गौरीशंकर, बृजनाथ सिंह, रामलखन र ममता यादवले अभिनय गर्नुभएको थियो ।

नाटकको प्रकाश परिकल्पनामा शिवकुमार, मञ्च परिकल्पनामा रामलखन, सङ्गीतमा सरिता साज, मञ्च व्यवस्थापनमा नरेश गौतम र निर्देशनसँगै लेखन एवं परिकल्पनामा जैनेन्द्र दोस्त हुनुहुन्थ्यो ।

भारतका रङ्कर्मी भिखारी ठाकुरले सन् १९१७ मा भिखारी ठाकुर नाच मण्डली स्थापना गर्नुभएको थियो । उहाँको निधनपछि ठाकुरका चेलाहरूले भिखारी ठाकुर रङ्गमण्डल स्थापना गरेका हुन् । यसै रङ्गमण्डलबाट यसपटक नाटक उत्सवमा नाटक भिखारीनामा मञ्चन गरिएको हो ।

दिवंगत भिखारी ठाकुरको नाच, गीत, सङ्गीत, नृत्य, वस्त्र, शृंगार, वाद्ययन्त्र तथा उहाँको नाटकको अंशलाई लिएर यो नाटक तयार गरिएको थियो । भोजपुरी भाषाको नाटकका शेक्सपियर मानिने भिखारीको रङ्गमञ्च यात्रा झल्काउने नाटक भिखारीनामालाई यसपटक रङ्ग उत्सवमा मञ्चन गरिएको हो ।

भोजपुरी भाषीबीच भिखारी ठाकुरको नाटक मञ्चन शैली निकै लोकप्रिय छ । नाटक भिखारीनामामार्फत उत्सवमा नाट्यकर्मी भिखारी ठाकुरको जीवनशैलीको आरोह अवरोहलाई कथा बनाएर मञ्चन गरिएको थियो । यो नाटक हेरेका दर्शकले भिखारीलाई उनकै नाटकको माध्यमबाट बुझ्ने अवसर पाए ।





# कीर्तिपुरको लायकु डबलीमा गीतसङ्गीतको रौनक

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, सङ्गीत विभागको आयोजनामा गत ९ असारमा कीर्तिपुरको लायकु डबलीमा डबली कार्यक्रममा आयोजना गरियो । प्रतिष्ठानका उपकुलपति एवं वरिष्ठ सङ्गीतकार शम्भूजीत बासकोटाको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा विभिन्न कलाकारले विविध गीतसङ्गीत प्रस्तुत गर्नुभएको थियो ।



डबली यात्रा-२०७५ मा युवा गायक विश्व नेपालीले आफ्नो चर्चित गीत के भूल गरें...गाउँदा दर्शकले तालीले साथ दिए । सोही क्रममा गायिका जुना प्रसाईले आफ्नो चर्चित गीत तिमीलाई माया गर्ने...गाउँदा पनि दर्शक त्यत्तिकै रमाए ।

कार्यक्रममा गायिका प्रश्ना शाक्यले गीत झन् झन् बढ्यो तिर्सना...गाउनु भएको थियो । राष्ट्रियस्तरमा चर्चा कमाएका कलाकारसँगै स्थानीय कलाकारको प्रस्तुति पनि डबली यात्राको आकर्षण बन्यो । नेवार समुदायको बाहुल्यता रहेको कीर्तिपुरमा स्थानीय कलाकारहरूले नेपाल भाषामा गीत प्रस्तुत गर्दा दर्शक थप उत्साहित देखिए ।

स्थानीय कलाकारहरू मधुराम महर्जन, स्वीकृति महर्जन, रत्नशोभा महर्जन, सुविन श्रेष्ठसहितले आफ्ना

गीत नेवारी गीत कार्यक्रममा प्रस्तुत गर्नुभएको थियो । यस्तै कलाकार सौगात चौधरी शंकर योङ्हाङलगायतका कलाकारको प्रस्तुति पनि कार्यक्रमको आकर्षण बनेको थियो । पाँचा तथेई तथेई गुरुको स्थानीय व्यवस्थापनमा सम्पन्न डबली यात्राको उद्घोषण सरगम सुब्बा र रुवेन्द्र शाक्यले गर्नुभएको थियो ।

कार्यक्रमकी संयोजक एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य एवं सङ्गीत विभाग प्रमुख उन्नती बोहरा 'शीला'ले काठमाडौं उपत्यकाको प्रदर्शनकारी कलाको विकासको साक्षी डबली भएको बताउनुभयो । पहाडमै पनि डबलीमा यस्ता गीत, सङ्गीत पर्दशनका लागि प्रयोग हुने चौतारोलाई प्रकारान्तरले डबलीकै परिवर्तित स्वरूप मानिने उहाँले बताउनुभयो । स्थानीय कलाकारहरूसँगै मुलुकका चर्चित कलाकारहरूलाई एकै थलोमा प्रस्तुत गर्न डबली कार्यक्रम गरिएको उहाँको भनाइ थियो ।

प्रतिष्ठानका उपकुलपति बासकोटाको डबली यात्रामा सहभागी कलाकारलाई प्रमाणपत्र वितरण गर्दै प्रतिभाको डबलीबाट आफूले नेपालमा पहिलोपटक रियालिटी सो सुरू गरेको जानकारी गराउनुभयो । नेपालमा डबलीबाट कैयौं राम्रा कलाकार उदाएको बताउँदै उहाँले नेपाली सङ्गीतको विकासमा डबलीको ठूलो देन रहेको छ भन्नुभयो । सो कार्यक्रम करिब तीन घन्टासम्म चलेको थियो । कीर्तिपुर क्षेत्रका कलाकार, साहित्यकार, बुद्धिजीवी, स्थानीय बासिन्दाको डबली कार्यक्रममा उल्लेख्य उपस्थिति थियो ।



# बड्की नाच प्रदर्शनसँगै वाद्यवादन सामग्री हस्तान्तरण




काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले बड्की नाचलाई प्रोत्साहित गर्न सिन्धुलीको कमलामाई नगरपालिका-१४ चन्दनपुर (कमलाखोंच) का कछडिया दनुवार समुदायका कलाकारलाई १५ असार २०७५ मा विभिन्न वाद्यसामग्री प्रदान गरेको छ ।

सिन्धुली कमलाखोंजका दनुवार समुदायले नाच्दै आएको ६ सय वर्षभन्दा पुरानो 'बड्की नाच' दुई दशकयताबाट संकटमा थियो । सो नाचलाई अब स्थानीय दनुवार समुदायले संरक्षणसँगै प्रस्तुत गर्न थालेका छन् ।

प्रज्ञा प्रतिष्ठानको नाटक विभागका संयोजक एवं प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाको संयोजकत्वमा वाद्यसामाग्री प्रदान गरिएको हो । सो नाचका लागि प्रतिष्ठानका तर्फबाट आवश्यक वाद्यवादन तवला, मादल, घुँघरूलगायतका सामग्री प्रदान गरियो ।

प्राज्ञ परिषद् सदस्य झाको अध्यक्षतामा आयोजित कार्यक्रममा सो नाच समूहका प्रमुख पल्टु कुँवरसहित नाच टोलीलाई जिल्ला समन्वय समिति सिन्धुलीका प्रमुख शंकर बर्मा, उपप्रमुख सम्झना अधिकारी दनुवार, नाट्य विभाग प्रमुख एवं झाले संयुक्त रूपमा वाद्यवादन सामग्री हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा पल्टुसहित बिल्टा कुँवर, रानी अधिकारी, रक्षा कुँवर, बेचना धामी, गोरे अधिकारी, कासीलाल धामी, शर्पा कुँवर, कन्या थारू, गेन्मा कुँवर र विश्वनाथ कुँवरसहितको टोलीले करिब दुई घन्टा बड्की नाच प्रस्तुत गरेको थियो । लामो समयपछि प्रस्तुत गरिएको कृष्ण चरित्रमा आधारित यो नाच स्थानीय अग्रजदेखि नयाँ पुस्तासम्मले रूचाएका थिए ।

कार्यक्रममा जिल्ला समन्वय समिति सिन्धुलीका उपप्रमुख सम्झना अधिकारी दनुवारले अब चाँडै सो क्षेत्रमा दनुवार संग्रहालय स्थापना गर्ने बताउनुभयो । उहाँले बड्की नाच लोप हुन नदिन नयाँ पुस्तालाई सिकाउनुपर्ने सुझाव दिनुभयो ।

जिसस प्रमुख शंकर बर्माले




बाल्यकालमा आफूले देखेको सो नाच लामो समयपछि दनुवार समुदायले पुनः नाचेको देख्न पाउँदा खुसी भएको छु, भन्नुभयो । यो नाचलाई संरक्षण गर्न आवश्यक भएकाले सम्बन्धित कलाकारलाई प्रशिक्षणसँगै आवश्यक भेषभुषा आफूहरूले उपलब्ध गराउने उहाँले बताउनुभयो ।

सो नाचसम्बन्धी विमर्श कार्यक्रमका संयोजक एवं प्राज्ञ परिषद् सदस्य झाले विधापटमा आधारित ६ वर्ष पुरानो यो नाच अहिले पनि प्राचीन शैली र भाषामा मञ्चन हुँदै आएको देख्न पाउँदा खुसी लागेको बताउनुभयो । 'यो नाच तराईको मोरङ, सप्तरी र बारामा बचाएर राखेको हामीले अनुसन्धानका क्रममा पायौं । यहाँ जसरी ठेट रूपमा उता संरक्षण हुन सकेको छैन,' उहाँले भन्नुयो ।

कार्यक्रमको अध्यक्षता गर्नुभएका प्राज्ञ परिषद् सदस्य झाले यस्ता नाचहरू संरक्षण गर्नु प्रतिष्ठानका दायित्व भएकाले आवश्यक वाद्यवादन प्रदान गरिएको प्रकाश पार्नुभयो । नेपालमा ६ वर्षभन्दा लामो समयदेखिको गीतहरू प्रमाणित रूपमा नपाइएको तर बड्की नाचको प्रमाण रहेकाले यसको महत्व विशेष भएको झाले बताउनुभयो । उहाँले कार्यक्रममा सो नाचको इतिहास र महत्वबारे थप चर्चा गर्नुभयो ।

टोली प्रमुख पल्टु कुँवरले आफूहरूसँग वाद्यवादन सामग्री नभएकै कारण लामो समय यसलाई प्रस्तुत गर्न नसकेको जानकारी गराउनुभयो । पत्रकारद्वय डब्बु क्षत्री र प्रतिमा श्रेष्ठले केही वर्षअघि आफूलाई काठमाडौंमा प्रदान गरेको बाजाबाट यो नृत्य अरूलाई सिकाउन सफल भएको बताउँदै ती बाजा फुटेर गएका कारण नयाँ बाजाको आवश्यकता रहेको औंल्याउनुभयो । अहिले प्रतिष्ठानबाट वाद्यवादन सामाग्री पाएकोमा धन्यवाद ज्ञापन गर्दै उहाँले यो नाचलाई आफ्नो पुस्ताले अब निरन्तर प्रस्तुत गर्ने प्रतिबद्धता जनाउनुभयो ।

सो समूहका जेष्ठ कलाकार बेचना धामीले हजुरबुबाबाट आफूहरूले यो नाच सिकेर दनुवारको विवाह, पूजा, धर्मकर्म, मृत्यु संस्कार, चाडपर्वमा नाच्दै आएको बताउनुभयो ।

यो नाच ६ सय वर्षभन्दा पुरानो रहेको सुन्दा आफूलाई साह्रै खुसी लागेको र जानी नजानी यस्तो नाचको संरक्षण गरेको भन्दै उहाँले गर्व गर्नुभयो ।

कार्यक्रमका सहजकर्ता एवं पत्रकार डब्बु क्षत्रीले स्नातकोत्तर अध्ययनका क्रममा २० वर्षदेखि यो नाच नाच्न छाडेको जानकारी पाएपछि यसको संरक्षण अभियानमा आफू जुटेको बताउँदै वाद्यसामग्री हस्तान्तरण तथा कार्यक्रम आयोजनाका लागि धन्यवाद ज्ञापन गर्नुभयो । स्थानीय समाजसेवी बलबहादुर बुढाथोकी, सिठिया कुँवर, शिक्षक लालचन अधिकारीलगायतले कार्यक्रम सफल पार्न सहयोग गर्नुभएको थियो ।





# संस्कृतिमन्त्री अधिकारीबाट सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको अवलोकन

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले १३ असार २०७५ मा काठमाडौंको बालुवाटारस्थित नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान कार्यालयको अवलोकन गर्नुभएको छ । मन्त्री अधिकारी यस प्रतिष्ठानको संरक्षक हुनुहुन्छ ।

प्रतिष्ठानको अवलोकन तथा भेटघाटका क्रममा उहाँले तीनवटै प्रज्ञा प्रतिष्ठानलाई अझ प्रभावशाली र सशक्त बनाएर लैजाने बताउनुभयो । तीनवटा प्रज्ञा प्रतिष्ठानलाई गाभ्ने भन्ने विषयमा चर्चा चलिरहेका बेला मन्त्री अधिकारीले तीनवटै प्रज्ञा प्रतिष्ठानलाई अझ सशक्त रूपमा प्रभावशाली बनाएर लैजाने बताउनुभएको हो । मन्त्री अधिकारीले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको अवलोकनसँगै प्रतिष्ठानको अवस्था र क्रियाकलापबारे जानकारी पनि लिनुभयो ।

प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा प्रज्ञा प्रतिष्ठानका संरक्षक अधिकारीलाई स्वागत गर्दै प्रतिष्ठानको प्रतीक चिन्ह प्रदान गर्नुभयो । प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित विभिन्न पुस्तक तथा अन्य प्रकाशनहरू मन्त्रीलाई हस्तान्तरण गर्दै उहाँले प्रतिष्ठानको गतिविधि र अवस्थाबारे प्रकाश पार्नुभयो ।

मन्त्री अधिकारीलाई उपकुलपति एवं लोकप्रिय सङ्गीतकार शम्भूजीत बासकोटाले प्रज्ञा प्रतिष्ठानको संरचना र यसले गरेका विभिन्न कार्यबारे जानकारी गराउनुभयो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झा, माधव प्रधान, उदयचन्द्र श्रेष्ठ, उन्नती बोहरा 'शीला'ले आ-आफ्नो विभागले गरेका विभिन्न कार्यक्रम तथा परियोजनाबारे मन्त्री अधिकारीलाई जानकारी गराउनु भएको थियो ।

यसैगरी, राष्ट्रिय सभाका सदस्य तथा प्राज्ञ खेम नेपालीले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको महत्वबारे आफ्नो भनाइ राख्नुभएको थियो । संस्कृतिमन्त्री अधिकारीले सीमित साधन र स्रोतबाट नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमार्फत धेरै काम भएको भन्दै प्रज्ञा प्रतिष्ठानको लागि भवन निर्माणमा पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।





# ६ स्रष्टा सङ्गीत नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारबाट पुरस्कृत



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार २०७४'बाट ६ जना अग्रज स्रष्टा पुरस्कृत हुनुभएको छ । नेपाली सङ्गीत, लोकनृत्य, लोकनाट्य, गायन, तथा लोक गायन क्षेत्रमा पाँच दशकभन्दा लामो समय योगदान पुऱ्याएका कारण यी स्रष्टाहरूलाई पुरस्कृत गरिएको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले जनाएको छ ।

उपराष्ट्रपति नन्दबहादुर पुनले प्रतिष्ठानका तर्फबाट आफ्नै निवास उपराष्ट्रपति भवनमा सङ्गीत, नृत्य तथा नाट्य क्षेत्रका ६ जना स्रष्टालाई २२ असार २०७५ अपरान्ह २०७४ सालको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा पुरस्कारबाट पुरस्कृत गर्नुभएको हो । स्रष्टाहरूलाई जनही एक लाख एक रूपैयाँ र ताम्रपत्रद्वारा पुरस्कृत गरिएको थियो । कार्यक्रममा उहाँले तीन स्रष्टालाई सङ्गीततर्फ र बाँकी तीन स्रष्टालाई नृत्य एवं नाटकतर्फको पुरस्कार प्रदान गर्नुभएको हो ।

पुरस्कार प्रदान समारोहमा शास्त्रीय सङ्गीततर्फको 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७४' अग्रज वाद्यवादक एवं शास्त्रीय सङ्गीतकार पुष्परत्न तुलाधरलाई प्रदान गरियो । उहाँले विगत सात दशकदेखि नेपाली शास्त्रीय सङ्गीत क्षेत्रमा योगदान दिएकाले पुरस्कृत गरिएको हो । उहाँको योगदानको बारेमा कार्यक्रममा यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले जानकारी गराउँदै तुलाधरको पुरस्कारपत्र वाचन गर्नुभएको थियो ।

यस्तै ६ दशकदेखि लोकसङ्गीतमा सक्रिय गायक एवं रचना संकलक एल.पी. (लक्ष्मीप्रसाद) जोशीले लोक सङ्गीततर्फको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारबाट पुरस्कृत गरियो । उहाँलाई एक लाख एक रूपैयाँसहित दोसल्ला ओढाएर ताम्रपत्रबाट पुरस्कृत गरियो । सयौं लोकभाकहरू संकलन गरेर त्यसलाई रेकर्ड गरी स्रोतामाझ ल्याउनु भएका कलाकार जोशीको बारेमा कार्यक्रममा

सभा सदस्य कोमल निरौलाले जानकारी गराउँदै उहाँको पुरस्कारपत्र वाचन गर्नुभएको थियो ।

सोही कार्यक्रममा आधुनिक गीततर्फको 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७४'बाट वरिष्ठ गीतकार किरण खरेललाई पुरस्कृत गरियो । ६ दशकभन्दा लामो समयदेखि गीत लेखनमा सक्रिय उहाँको योगदानको कदरस्वरूप एक लाख एक हजार रूपैयाँसहितको पुरस्कार प्रदान गरिएको हो । २०१४ सालमा ए दुरका सितारा गीत लेखनपछि रेकर्ड गराएर गीतकारको रूपमा यो क्षेत्रमा लाग्नुभएका खरेलको गीत लेखन योगदानबारे कार्यक्रममा प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शीला'ले जानकारी गराउनुभएको थियो ।

यस्तै, ६ दशकदेखि यो क्षेत्रमा क्रियाशील अग्रज अभिनेत्री एवं नृत्य कलाकार सुभद्रा अधिकारीलाई नृत्यसम्बन्धी 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७४'बाट पुरस्कृत गरियो । उहाँलाई एक लाख एक रूपैयाँसहित ताम्रपपत्रबाट सम्मानित गरिएको थियो । २००९ सालबाट उहाँले कलाकारिता यात्रा सुरू गर्नुभएको थियो ।

कार्यक्रममा उहाँको बारे प्राज्ञ परिषद् सदस्य माधव प्रधानले प्रकाश पार्दै पुरस्कारपत्र वाचन गर्नुभएको थियो ।

६ दशकभन्दा लामो समयदेखि मल्लकालीन नाट्यको अनुसन्धानमा सक्रिय अनुसन्धानकर्ता प्रा.डा. रामावतार यादवलाई नाट्यतर्फको राष्ट्रिय प्रज्ञा पुरस्कार प्रदान गरियो । उहाँ विदेशमा भएका कारण छोरा डा. विजय यादवले सो पुरस्कार ग्रहण गर्नुभएको थियो ।

यस्तै नाट्यतर्फ नै पाँच दशकभन्दा लामो समयदेखि नाटक क्षेत्रमा क्रियाशील नाट्यकर्मी प्राज्ञ मदनदास श्रेष्ठलाई नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारबाट पुरस्कृत गरियो ।

उपराष्ट्रपति पनुले सो कार्यक्रममा पाँच दशकभन्दा लामो समयदेखि सङ्गीत, नाट्य, अभिनय, नृत्य, गायन, गीतलेखन, वाद्यवादन क्षेत्रमा सक्रिय स्रष्टाहरूलाई सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट स्रष्टा कलाकारपरिचयपत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै उपराष्ट्रिपति पुनले नेपाली मौलिक लोक सङ्गीत, लोकनृत्य, नाच, नाटकको संरक्षण गर्नसके मात्र मौलिक संस्कृतिको संरक्षण हुने र नेपालको पहिचान जोगिने बताउनुभयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको कार्यको प्रशंसा गर्दै उपराष्ट्रपति पुनले यस्तो प्रतिष्ठानलाई अक्ष सशक्त र सवल बनाउन सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त)ले नेपाली सङ्गीत, नृत्य, नाट्य क्षेत्रमा आजीवन योगदान दिएर यस क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएका कारण प्रतिष्ठानले चार वर्षदेखि राष्ट्रिय प्रज्ञा पुरस्कारले त्यस्ता स्रष्टालाई सम्मान गर्दै आएको बताउनुभयो । कुलपतिले संघीय गणतन्त्रसँगै मुलुक प्रादेशिक संरचनामा गएका बेला प्रज्ञा प्रतिष्ठानहरूलाई खुम्च्याउँदै नेपाल, मौलिक लोकगीत, सङ्गीत, नाच, नाटक, कलालाई साहित्यमा गाभ्दै यो क्षेत्रलाई धराशयी बनाउन प्रतिष्ठान गाभ्ने नाममा चलखेल गरिरहेको उल्लेख गर्नुभयो । उनीहरू मौलिक लोकसंस्कृति संरक्षणको पक्षपाती भएको कुलपति सरूभक्तले जिकिर गर्नुभयो ।

प्रतिष्ठानका उपकुलपति शम्भूजीत बासकोटाले यो पुरस्कारले पुरस्कृत कलाकारलाई राष्ट्रको गौरवसँग जोड्ने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रियस्तरको यो पुरस्कार अग्रज स्रष्टाहरूको योगदानको कदरसँगै यस क्षेत्रमा अफ प्रोत्साहन मिल्ने विश्वाश प्रतिष्ठानले लिएको छ भन्नुभयो ।











# उपराष्ट्रपतिबाट स्रष्टाहरूलाई परिचयपत्र प्रदान

काठमाडौं । नेपाली सङ्गीत, नाट्य, गायन, वाद्यवादन, अभिनय, नृत्य क्षेत्रका विभिन्न कलाकारलाई स्रष्टा तथा कलाकार परिचयपत्र प्रदान गरिएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा विशिष्ट कलाकारलाई परिचयपत्र प्रदान गरिएको छ । उपराष्ट्रपति नन्दबहादुर पुनले उहाँकै कार्यालयमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा २१ असारमा स्रष्टाहरूलाई परिचयपत्र प्रदान गर्नुभएको हो । सो कार्यक्रममा वाङ्मय शताब्दी पुरुष एवं वरिष्ठ संस्कृतिविद् नाटककार सत्यमोहन जोशी, गीतकार रत्नशमशेर थापा, किरण खरेल, राजेन्द्र थापा, यादव खरेल, नीर शाह, शक्तिबल्लभ श्रेष्ठ, कालीप्रसाद रिजाल, डा. भोला रिजाल, श्याम तमोट, डा.कृष्णहरि बराल, दिनेश अधिकारी, योगेन्द्रमणि दाहाल, मञ्जुल, बाबा बस्नेत, डा. विश्वम्भर प्याकुरेल, उषा शेरचनलगायतलाई स्रष्टा परिचयपत्र प्रदान गरियो ।

यस्तै, कलाकार एवं नाट्यकर्मी भुवन चन्द, बसुन्धरा भुसाल, मदनकृष्ण श्रेष्ठ, मदनदास श्रेष्ठ, तीर्थ थापा, सावित्री मल्ल कक्षपति, माया पौडेल, बेटी ब्रजाचार्यलाई पनि स्रष्टा परिचयपत्र प्रदान गरियो ।

सङ्गीतकार एवं गायक गायिकाबाट मीरा राणा, गुरूदेव कामत, ज्ञानु राणा, शुभबहादुर सुनाम, रामेश (रामेश्वर श्रेष्ठ), दिपक जंगम, दीपक खरेल, बेनी जंगम, दीप श्रेष्ठ, धनबहादुर मल्ल, प्रेमध्वज प्रधान, योगेश वैद्य, विमला श्रेष्ठ, नारायण रायमाझी, कुशेश्वर राई, प्रेमलाल परियार, डा. आभास लाम, राधेश्याम प्रधान, गोपालनाथ योगी, विकासनाथ योगी, गोपाल ठाकुरलाई उपराष्ट्रपति पुनले स्रष्टा परिचयपत्र प्रदान गर्नुभयो । स्रष्टाहरूको सम्मान राज्यबाट होस् भनेर उहाँहरूलाई स्रष्टा परिचयपत्र प्रदान गरिएको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले बताउनुभयो ।

उपकुलपति शम्भुजीत बासकोटाले स्रष्टा परिचयपत्रका बारे थप प्रकाश पार्दै स्रष्टा परिचयपत्र प्राप्त कलाकारहरूले स्वास्थ्य उपचार, यातायातलगायत विभिन्न क्षेत्रमा सहुलियत सेवा उपलब्ध भएको समेत जानकारी गराउनुभयो ।



# जिरेल समुदायको प्रदर्शनकारी
# कला : प्रदर्शन तथा विमर्श

दोलखा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा दोखलाको जिरीमा जिरेल समुदायको प्रदर्शनकारी कला : प्रदर्शन तथा विमर्श कार्यक्रम आयोजना गरियो । प्रतिष्ठानको आयोजनामा जिरेल जातिको जन्म, मृत्यु संस्कारका कलामाथि अन्तरक्रिया तथा गीत सङ्गीत प्रस्तुत गरिएको हो ।

अन्तरक्रिया कार्यक्रममा जिरेल समुदायको समाजशास्त्रीय, लोक परम्परा, जीवन पद्धतिको महत्वबारे चर्चा गरियो । यो समुदायमा पुस्तान्तरणको समस्याले निम्त्याएको सांस्कृतिक क्षयमाथि पनि बहस भयो । आफ्ना कलालाई कसरी लोप हुनबाट जोगाउने भन्ने विषयमा जिरेल समुदायका विभिन्न व्यक्तिहरूले आफ्ना भनाइ राखे । विमर्श कार्यक्रमका प्रमुख अतिथि टंक जिरेलले आफ्नो समुदायको सांस्कृतिक, सामाजिक अवस्थाबारे चर्चा गर्नुभयो । उहाँले जिरेलहरूको मौलिक संस्कृति एवं लोकसङ्गीत र कलाहरू जातीय पहिचान




भएकाले यसको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले जिरी नगरपालिकामा संग्रहालय बनाई जिरेलहरूको सांस्कृतिक सम्पदालाई संरक्षण गर्नुपर्छ भन्नुभयो । जिरीलाई सम्झिएर कार्यक्रम गरेकोमा उहाँले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिन सल्लाह दिनुभयो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै कलाकार एवं प्राज्ञ मदनदान श्रेष्ठले जिरी र आसपासका जिरेल समुदाय संस्कृतिमा धनी भएको




बताउनुभयो । दोलखाका जिरेलसहित विविध जाति तथा समुदायको कला संरक्षणमा प्रज्ञा प्रतिष्ठानको भूमिका सराहनीय रहेको छ भन्नुभयो ।

यस्तो कार्यलाई निरन्तरता दिन पनि उहाँले सुझाव राख्नुभयो ।

कार्यक्रमका अध्यक्ष एवं प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले देशका विभिन्न जाति समुदायको कला परम्परालाई संरक्षण र सम्बर्द्धन गर्ने क्रममा प्रज्ञा प्रतिष्ठानले जिरेल समुदायको प्रदर्शनकारी कलालाई संग्रहालयमा सुरक्षित राख्नुपर्छ भन्नेमा जोड दिनुभयो ।

जिरेल समुदायलाई आफ्नो लोककला, लोकसङ्गीतप्रति सजग बनाउँदै यी कलाको संरक्षणमा जागरण ल्याउन जिरीमा कार्यक्रम गरिएको झाले बताउनुभयो । उहाँले यस्ता लोककलालाई संरक्षण गर्न तन्नेरी पुस्तालाई आकर्षण गर्नुपर्नेमा जोड दिनुभयो । प्रज्ञा प्रतिष्ठान विभिन्न समुदायको लोकसंस्कृति, लोकसङ्गीत संरक्षणका लागि जागरण अभियानमा निरन्तर लागिरहेको झाले बताउनुभयो । कार्यक्रममा जिरेल समुदायका विभिन्न व्यक्तित्वहरूको उपस्थिति थियो ।

## गोपालप्रसाद रिमाल स्मृति सम्मानबाट कुलपति सम्मानित




हेटौंडा । वरिष्ठ साहित्यकार तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) सम्मानित हुनुभएको छ ।

प्रगतिवादी साहित्यकार गोपालप्रसाद रिमालको १०१औं जन्मजयन्तीका अवसरमा हेटौंडामा १६ जेठ २०७५ मा आयोजित साहित्यिक कार्यक्रममा कुलपति सरूभक्तलाई २० हजार रूपैयाँसहित गोपालप्रसाद रिमाल स्मृति सम्मान-२०७५ बाट सम्मानित गरिएको हो ।

रिमालको प्रतिमास्थल हेटौंडाको वनस्खण्डीमा आयोजित कार्यक्रममा प्रदेश ३ का मुख्यमन्त्री डोरमणि पौडेलले सरूभक्तलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो । साहित्य सगम मकवानपुरले हरेक वर्ष रिमालको जन्मजयन्तीमा एकजना साहित्यकारलाई सम्मान गर्दै आएको छ ।

यसैगरी, शान्तिदेवी स्मृति वनस्खण्डी सम्मान-२०७५ बाट साहित्यकार देवराज खरेल सम्मानित भएका छन् । उहाँलाई सम्मानपत्रसहित नगद १० हजार प्रदान गरियो । कार्यक्रममा साहित्यकार अनिता न्यौपाने, भूपिन र सुवास खनालले पुरस्कृतलाई शुभकामना व्यक्त गरेका थिए । रिमालको प्रतिमा २०७३ सालमा हेटौंडामा साहित्यकार आरसी रिजालको अग्रसरतामा स्थापना गरिएको सङ्गम क्लब अध्यक्ष निमेष निखिलले जानकारी दिनुभयो ।

## कुलपतिद्वारा शिरोमणि पुरस्कार प्रदान




पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले २०७४ सालको शिरोमणि पुरस्कार नाट्यकर्मी अनुप बराललाई प्रदान गर्नुभएको छ ।

पोखरेली युवा सांस्कृतिक परिवारले १९ जेठमा आयोजना गरेको कार्यक्रममा कुलपति सरूभक्तले सो पुरस्कार कलाकार बराललाई प्रदान गर्नुभएको हो । पुरस्कार २५ हजार रूपैयाँ र ताम्रपत्रसहितको थियो ।

२०३४ सालमा पोखरेल युवा सांस्कृतिक परिवार स्थापना गर्दाको अनुभव सुनाउँदै उहाँले हरेक दुई वर्षमा प्रदान गरिने शिरोमणि पुरस्कार साहित्य, सङ्गीत, नाट्य, कला कुनै पनि क्षेत्रका स्रष्टाहरूलाई प्रदान गरिने बताउनुभयो । २०४६ सालतिर आफूहरूले मालती मंगले नाटक मञ्चन गरेर उठेको रकमबाट यो पुरस्कार स्थापना गरेको उहाँले जानकारी गराउनुभयो ।

पुरस्कृत स्रष्टा अनुप बरालले पुरस्कारले आफूलाई अझ राम्रो काम गर्न हौसला बढाउने बताउँदै पुरस्कारका लागि आयोजक पक्षलाई धन्यवाद ज्ञापन गर्नुभयो । पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष दीपक समीपले सबैलाई धन्यवाद ज्ञापन गर्नुहुँदै कार्यक्रमको उद्देश्य र महत्वबारे प्रकाश पार्नुभएको थियो ।

## कुलपतिद्वारा पुस्किन र भानुभक्तको चर्चा

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले रूसी महाकवि अलेक्सन्द्रा पुस्किनको रूसी साहित्य र आदिकवि भानुभक्त आचार्यको नेपाली साहित्यमा योगदान उस्तै रहेको बताउनुभएको छ ।

पुस्किनको २२१औं जन्मजयन्तीको अवसरमा नेपाल रूस साहित्य समाजले २३ जेठ २०७४ मा रूसी सांस्कृतिक केन्द्र कमलपोखरीमा आयोजना गरेको पुस्किन जन्मजयन्ती विशेष कार्यक्रममा कुलपति सरूभक्तले यस्तो भनाइ व्यक्त गर्नुभएको हो ।

सो कार्यक्रमका प्रमुख अतिथि कुलपति सरूभक्तले पुस्किन र भानुभक्त दुवैले आफ्नो भाषा र साहित्यलाई आफ्नो कालखण्डमा लोकप्रिय बनाएको बताउनुभयो । दुवै आफ्नो कालखण्डका सफल कवि भएको र कवितामार्फत दुवैको सम्बन्धित देशको साहित्यमा अतुलनीय योगदान रहेको पनि उहाँले बताउनुभयो ।

नेपाल रूस साहित्य समाजका अध्यक्ष जगत चौहानले अलेक्सान्द्रा पुस्किनको बारेमा कार्यक्रममा प्रकाश पार्दै रूसको साहित्यलाई धनी पार्न पुस्किनको ठूलो देन रहेको उल्लेख गर्नुभयो । कार्यक्रममा नाटकको कविता, नाटकबारेमा चर्चा परिचर्चा भएको थियो ।

## मनाइयो २०५ औं भानु जयन्ती

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को अध्यक्षतामा गत २९ असार २०७५ मा पोखरामा भव्य कार्यक्रम आयोजना गर्दै २०५औं भानु जयन्ती मनाइएको छ । भानु वाङ्मय प्रतिष्ठान पोखराका अध्यक्ष सरूभक्तको नेतृत्वमा भानु जयन्तीको दिन बिहान महेन्द्रपुलको चिप्लेढुङ्गाबाट बाजागाजा र विविध झाँकीसहितको र्‍याली निकालियो ।

भानुको तस्बिर, ब्यानरयुक्त र्‍यालीमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल स्काउट, शिक्षक, विद्यार्थी, साहित्यकारलगायत सहभागी थिए । सो र्‍याली फुलबारीस्थित भानुपार्कमा पुगेर भानु जयन्ती कार्यक्रममा परिमार्जन भएको थियो ।



भानु वाङ्मय प्रतिष्ठान पोखराका अध्यक्ष सरूभक्त, कास्कीका प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारी, भानु वाङ्मय पुरस्कार गुठीका संस्थापक गणेशबहादुर भट्टराई, भानुभक्तका सन्तान प्रदीपभक्त आचार्यलगायत, साहित्यकार, कलाकार, बुद्धिजीवी, शिक्षक, विद्यार्थीलगायत स्थानीयले फुलबारीस्थित भानुको पूर्ण कदको सालिकमा सो क्रममा माल्यार्पण गरे ।

कार्यक्रममा कास्कीबाट स्नातक प्रथम वर्षमा सबैभन्दा बढी अंक ल्याएका विद्यार्थी बिनु न्यौपानेलाई प्रतिष्ठानका अध्यक्ष सरूभक्तलगायतले १० हजार रूपैयाँसहितको भानु वाङ्मय पुरस्कार २०७५ प्रदान गर्नुभयो । सो पुरस्कारका संस्थापक एवं व्यवसायी, समाजसेवी गणेशबहादुर भट्टराईले स्नातकमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्न पुरस्कार स्थापना गरिएको बताउनुभयो ।

प्रतिष्ठानका अध्यक्ष सरूभक्तले आदिकवि भानुभक्तको नेपाली भाषा साहित्यमा योगदानबारे प्रकाश पार्नुभयो । उहाँले विश्वमा फैलिएको नेपाली भाषाको एकताको प्रतीकको रूपमा भानुलाई लिने गरिएको छ, भन्नु भयो ।

प्रतिष्ठानका कार्यवाहक सचिव पदमराज ढकालद्वारा सञ्चालित सो कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारीले भानुभक्तको नेपाली साहित्यमा योगदानबारे आफ्नो भनाइ राख्नुभयो । कार्यक्रममा साहित्यकार, विद्यार्थीलगायतले भानुसम्बन्धी कविता वाचन गरेका थिए ।


# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित अनुसन्धानमूलक पुस्तकहरू




मूल्य रु : ६५०/-




मूल्य रु : ५००/-



मूल्य रु : ३२५/-




मूल्य रु : ५००/-




मूल्य रु : ३००/-

**प्राज्ञिक संसार** Academia
Music-Drama Bulletin
सङ्गीत-नाट्य बुलेटिन

**प्रकाशक**
नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान,
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं - ११७३०
फोन नं : ४४२८४०४/४४२८४०५,
फ्याक्स नं : ४४२८४०७
Email : info@namuda.org.np
website : www.namuda.org.np

**प्रधान सम्पादक :**
गणेश रसिक
**कार्यकारी सम्पादक :**
डब्बु क्षत्री
**तस्बिर :**
नरेन्द्र खड्का
**साजसज्जा :**
विश्व सापकोटा
(विलक्षण क्रियसन)

**सल्लाहकार**
भक्त श्रेष्ठ (सरुभक्त)
शम्भूजीत बासकोटा
**सम्पादक मण्डल**
उदय श्रेष्ठ
उन्नती बोहरा 'शीला'
पुष्करबहादुर गुरूङ
माधव प्रधान
रमेशरञ्जन झा